# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ८६ | काठमाडौं | बुधबार, २ साउन २०८१ | Prabhab National Daily | Wednesday, July 17, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


सिमलताल पहिरोको पीडा

## घरकै आडभरोसा गुमेपछि...



■ हिमाल लम्साल

**वीरगञ्ज (पर्सा)**- वीरगञ्ज महानगरपालिका-१६ नगवास्थित फूलबारी टोलकी प्रतिमा महतो पटक-पटक आफ्नो पति जवाहीर महतोलाई सम्झेर भक्कानिएर रोइरहेकी छन् । उनको पति जवाहीर महतोले चलाएको बागमती प्रदेश ०३ ०१-०० ख १५१६ नम्बरको एन्जल डिलक्स रात्रिबस गत शुक्रबार बिहानीपख भरतपुर महानगरपालिका-२९ सिमलताल नजिकै पहिरोमा परेर बेपत्ता भएको खबर सुनेसँगै प्रतिमाको अवस्था भने झन्झन् नाजुक बन्दै गइरहेको छ ।

'छोराले चलाएको बस बगाएको खबर सुनेदेखि परिवारका सबै सदस्य विक्षिप्त छन् । त्यसमा पनि बुहारीको स्वास्थ्य अवस्था साह्रै खराब भइरहेको छ,' जवाहीरका ६६ वर्षीय पिता भगवान् महतोले गहभरि आँसु खसाल्दै भने, 'बुहारी भक्कानिएर रुने, कराउने गरिरहेकी छन् । उनको स्वास्थ्य अवस्था बिग्रिएकाले घरमै डाक्टर बोलाएर उपचार गराउँदै आएका छौं ।'

जवाहीरकी पत्नी प्रतिमा अहिले कोहीसँग पनि दोहोरो कुराकानी गर्न सक्ने अवस्थामा छैनन् । 'त्यस दिनदेखि मुखमा अन्न, पानी परेको छैन । स्लाइनपानीकै भरमा कतिञ्जेल बचाउन सकिएला ? बुहारीको स्वास्थ अवस्था बिग्रँदै गइरहेको छ,' उनले भने ।

जवाहीरकी पत्नी प्रतिमामात्रै होइन, जवाहीरका बुबा, आमा, छोराछोरी, आफन्त इष्टमित्र र छिमेकीहरूकोसमेत आँखा ओभाएका छैनन् । 'जवाहीर घरकै आडभरोसा थियो । उसले बस चलाएर नै घर खर्च चलाउँदै आइरहेको थियो,' बुबा भगवान्ले भने, 'छोरा त्रिशूलीको पहिरोमा परेर हराइरहेको छ । मलाई बुढ्यौलीले छोइसक्यो । अब यी ससाना नाति-नातिनालाई कसले पालनपोषण र रेखदेख गर्ला भन्ने चिन्ताले सताइरहेको छ ।'

(क्रमश: पृष्ठ २ मा)

### नवलपुरमा थप चार शव भेटिए

**नवलपुर (नवलपरासी)**- चितवनको भरतपुर-२९ सिमलतालमा असार २८ गते शुक्रबार बिहान आएको पहिर ोले बगाएर बेपत्ता दुई बसका यात्रुमध्ये नवलपरासी (बर्दघाट-सुस्तापूर्व) मा मंगलबार थप चारवटा शव फेला परेका छन् ।

मंगलबारसम्म गैंडाकोट-७ गैरीमा करिब ३५ वर्षीय पुरुष, मध्यविन्दु-१२ तमासपुरमा करिब ३५ वर्षीया महिला, गैंडाकोट-१० खरखरेमा करिब ४० वर्षीय पुरुष र विनयी त्रिवेणी-७ गण्डक ब्यारेजको पुलमा करिब ४० वर्षीय पुरुषको शव फेला परेको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट-सुस्तापूर्व) का प्रहरी नायब उपरीक्षक बेदबहादुर पौडेलले जिल्लाको नारायणी नदी किनारमा भेटिएका चारवटै शवको अनुसन्धान भइरहेको बताए ।

(क्रमश: पृष्ठ २ मा)

# शक्ति गुमेपछि मोर्चाबन्दीमा कस्सिए दाहाल

■ जेबी योञ्जन



**काठमाडौं-** सत्ताच्युत भएपछि नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल पुन: शक्ति आर्जन गर्ने रणनीतिमा जुटेका छन् । त्यसका लागि उनी समाजवादी मोर्चालाई क्रियाशील बनाउन लागेका छन् । कमजोर भएका बेला दाहालले जहिल्यै राजनीतिकरूपमा वैशाखी टेक्नेगरी मोर्चा बनाउने गरेका छन् । आफू सत्तामा पुगेपछि भने मोर्चाप्रति उनकै बेवास्ता रहने गर्छ । तर, जब सडकमा आइपुग्छन्, तब मोर्चालाई क्रियाशील गर्ने र मोर्चामार्फत आन्दोलनजस्ता गतिविधि गर्छन् ।

सोमबार उनले मोर्चामा रहेका दलहरू नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, नेपाल समाजवादी पार्टीका अध्यक्ष महेन्द्र राय यादव र नेकपा महासचिव नेत्रविक्रम चन्द (बिप्लव)सँग संवाद गरे । मोर्चालाई कसरी अगाडि बढाउने भन्नेमा चिन्ता प्रकट गरे ।

बैठकमा सहभागी नेता यादवले प्रभावसँग संक्षिप्त कुराकानी गर्दै सरकारमा एमाले अध्यक्ष केपी शर्मा ओलीले धोका दिएको र अब सशक्त ढंगले अघि बढ्नुको विकल्प नभएको बताएका थिए । ओली सरकार संविधान मिच्नेतिर अघि बढ्न सक्ने भन्दै दाहालले खबरदारीसमेत गरे ।

मोर्चामा रहेका दलहरूलाई दाहालले आफू केपी ओलीबाट ठूलो धोकामा परेको भन्दै संविधान र अधिकार रक्षाको अभियानमा जान प्रस्ताव गरेका छन् । मंगलबार समाजवादी मोर्चाको बैठकमा दाहालले ओलीले आफूलाई वाम एकताको सपना देखाएर ठूलो धोका दिएको भन्दै अब भ्रममा नपर्ने बताए ।

'बरु मै प्रधानमन्त्री बन्छु, तपाईं छाड्नुस् भनेको भए पनि मैले मान्दिन्थें तर ओलीले किन यसरी धोका दिए ? दाहालको भनाइ उद्धृत गर्दै नेता यादवले भने, 'संविधानलाई सही ट्र्याकमा राख्ने नियत छैन, उहाँहरू मिलेर परिवर्तनविरुद्ध जालसाजी गर्ने खतरा छ, हामी जनतामा यो कुरा लगेर जाउँ ।' दाहालले संविधान रक्षा र लोकतन्त्रको प्रगतिशील सारतत्त्व जोगाउने योजना अबको बाटो हुनुपर्ने प्रस्ताव पनि गरेको उनले बताए ।

- माओवादी अध्यक्ष दाहाल समाजवादी मोर्चालाई क्रियाशील बनाउँदै
- शक्ति आर्जन गर्ने र सत्तामा फर्किने जुक्ति
- मोर्चामा माओवादी, एकीकृत समाजवादी, नेपाल समाजवादी पार्टी र नेकपा सहभागी

बैठकमा एकीकृत समाजवादीका अध्यक्ष नेपालले दाहालले सत्तामा हुँदा समाजवादी मोर्चालाई उति चासो नदिएको भन्दै आलोचना गरेका थिए । 'कांग्रेस-एमालेले लोकतन्त्र र सुशासनमाथिसमेत चुनौती दिन सक्छन्, सरकारमात्रै बदलिएको होइन, यसको पछाडि धेरै खेलहरू भएका हुन सक्छन्,' नेपालको भनाइ थियो ।

विगतमा मोर्चामा उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) नेपाल सहभागी थियो । तर, पार्टी विभाजनपछि भने उनी मोर्चाका एउटा घटक माओवादी अध्यक्ष दाहालसँग असन्तुष्ट छन् । पार्टी फुटाउनमा पर्दापछाडिबाट भूमिका निर्वाह गरेको भन्दै यादवले सार्वजनिक मञ्चबाट आरोप लगाएका थिए । त्यसपछि मोर्चाको कार्यक्रममा उपेन्द्र सहभागी हुँन् ।

विभाजित भएर गठित अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) पनि सहभागी छैन । तर, नेपाल समाजवादीका अध्यक्ष महिन्द्रराय यादव बैठकमा सहभागी भए । अब मोर्चामा मोहनविक्रम सिंह नेतृत्वको नेकपा मसाल र त्यसको खुला मोर्चा भनिने राष्ट्रिय जनमोर्चालाई पनि सहभागी गराउनेबारे छलफल भइरहेको यादवले बताए ।

(क्रमश: पृष्ठ २ मा)

### प्रतिगमनको खतरा !

**काठमाडौं (प्रस)**– नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री भएको दुई दिन हुँदै छ । उनले संसद् विघटन गरेर प्रतिगमनको दिशा तय गर्न सक्ने भन्दै जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले चिन्ता प्रकट गरेका छन् । सोमबार कांग्रेस-एमालेको सत्ता समीकरणबारे जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा उनले ओली प्रधानमन्त्री भएपछि देशमा प्रतिगमनको खतरा रहेको बताएका हुन् ।

'साम्राज्यवादी शक्तिहरूले पनि मुलुकको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताविरुद्ध षड्यन्त्र गर्नसक्ने खतरा झन् बढेर गएको छ ।

(क्रमश: पृष्ठ २ मा)

**सन्दर्भ: वैदेशिक रोजगार**

## म्यानपावरले 'जिटको लाइसेन्स' साउनभित्र नवीकरण गरिसक्नुपर्ने

■ प्रभाव संवाददाता




**काठमाडौं-** वैदेशिक रोजगार विभागले जापानमा प्रशिक्षार्थी श्रमिक पठाइरहेका इजाजतपत्र प्राप्त संस्था (म्यानपावर कम्पनी) लाई जिटको अनुमतिपत्र (लाइसेन्स) नवीकरण गर्न आग्रह गरेको छ । जापान इन्टरनेसनल ट्रेनिङ एण्ड को-अपरेसन अर्गनाइजेसन (जिटको) अन्तर्गत जापानमा प्रशिक्षार्थी श्रमिक पठाउँदै आएका म्यानपावरलाई नवीकरण गर्न विभागले आग्रह गरेको हो ।

विभागले सोमबार एक सूचना जारी गर्दै यही साउन महिनाभित्र जिटको लाइसेन्स नवीकरणका लागि आवेदन दिनसक्ने जनाएको छ । वैदेशिक रोजगार ऐन तथा नियमावली, २०६४ र नेपाली प्राविधिक प्रशिक्षार्थी जापान पठाउनेसम्बन्धी निर्देशिका, २०६६ बमोजिम विगतमा जनवरी र जुलाई महिनामा नवीकरण हुने व्यवस्थाका कारण द्विविधा उत्पन्न भई धेरै म्यानपावरहरू छुटेकाले यसलाई एकरूपता ल्याउन र दोहोरोपना हटाउन साउन महिनाभित्रै सबै म्यानपावर कम्पनीले नवीकरण गर्नसक्ने निर्णय गरिएको विभागले उल्लेख गरेको छ ।

आर्थिक वर्ष २०८०/८१ मा प्रशिक्षार्थी कामदार पाठाउन इजाजतपत्र पाएका म्यानपावर कम्पनीको मात्र जिटको लाइसेन्स नवीकरण हुने विभागले उल्लेख गरेको । जिटकोमा सूचीकृत संस्थाहरूले तोकिएको शुल्क र कागजातसहित आवेदन दिन सकिने विभागले जनाएको छ ।

नवीकरणका लागि म्यानपावर कम्पनीहरूले निवेदनसहित नवीकरण दस्तुरबापत १० हजार रूपैयाँ बुझाएको सक्कलै रसिद, अघिल्लो नवीकरण मिति खुलेको सूचीकृत प्रमाणपत्रको प्रतिलिपि, जिटकोमार्फत गत आर्थिक वर्ष २०८०/८१ मा पठाएको कामदारको संख्या, कम्पनी रजिस्ट्रारको कार्यालयमा अघिल्लो आर्थिक वर्षसम्म अध्यावधिक भएको कागजात र कर चुक्ता प्रमाणपत्र तथा इजाजतपत्रको प्रतिलिपि पेस गर्नुपर्ने व्यवस्था गरिएको छ ।

यस्तै विभागले जापानमा प्रशिक्षार्थी कामदार पठाउन इच्छुक इजाजतपत्र प्राप्त म्यानपावर कम्पनीहरूलाई जिटकोमा सूचीकृत हुन सूचित गरेको छ । सूचीकृत हुन १५ दिनको समय दिइएको छ । यसर्थ इच्छुक म्यानपावरहरूले साउन १५ गतेसम्म जिटकोमा सूचीकृत हुन पाउने छन् । तर पहिले नै सूचीकृत भएका म्यानपावरहरूले पुन: सूचीकृत हुनु नपर्ने विभागले जनाएको छ ।

सुरुआती चरणमा २५० भन्दा बढी म्यानपावर कम्पनी जिटकोमा सूचीकृत भए पनि पछिल्लो समय नवीकरण गर्नेको संख्या घट्दै गइरहेको छ । जापानमा प्राविधिक प्रशिक्षार्थी श्रमिक पठाउन सूचीकृत हुँदै आए पनि सरकारकै नीतिगत कमजोरीका कारण कुनै उपलब्धि हासिल गर्न नसकेको भन्दै नवीकरणका लागि आह्वान गर्नुले खासै उत्साहित हुनु नपर्ने एक व्यवसायीको भनाइ छ ।

'जिटकोमा सूचीकृत हुनेले पनि जापानमा प्रशिक्षार्थी श्रमिक पठाउन पाएका छैनन्,' ती व्यवसायी भन्छन्, 'श्रमिक पठाउन नपाएपछि यसको अर्थ छैन, थुप्रै व्यवसायीहरूले लाइसेन्स नवीकरण गराउन छोड्दै गएका छन् ।' सरकार आफैंले जिटुजी सम्झौता गरेको पाँच/छ वर्ष बितिसक्दासमेत श्रमिक पठाउन नसकेको भन्दै उनले जिटको लाइसेन्स नवीकरणको खासै अर्थ नभएको बताए ।

(क्रमश: पृष्ठ २ मा)

### भिजिट भिसामा युएई पुऱ्याएर ठग्ने क्रम बढ्यो

**काठमाडौं (प्रस)**- संयुक्त अरब इमिरेट्स (युएई)का लागि अवुधावीस्थित नेपाली राजदूतावासले विगत केही दिनदेखि नेपालबाट श्रम स्वीकृति लिएर वा नलिएरै युएईका विभिन्न इमिरेट्समा नेपाली युवायुवती ल्याएर ठगी गर्ने क्रम बढेको बताएको छ । दूतावासले एक विज्ञप्ति जारी गर्दै आकर्षक तलबमा युएईका ठूला कम्पनीमा काम लगाइदिने भनी प्रलोभन तथा अश्वासन दिलाएर भिजिट भिसामा व्यक्तिलाई युएई पुऱ्याउने र आर्थिक शोषणमा पार्ने गरेको उल्लेख गरेको छ ।

कतिपय कन्सल्टेन्सीहरूले 'टिकटक'मार्फत प्रचारप्रसार गरी युरोपलगायतका अन्य राष्ट्रहरूमा आकर्षक तलब सुविधा देखाई प्रलोभनमा पारेर नेपालीले नै नेपालीलाई गरी ठगी गर्ने क्रम बढेको दूतावासले उल्लेख गरेको छ ।

(क्रमश: पृष्ठ २ मा)




पृष्ठ १ बाट क्रमशः

## शक्ति गुमेपछि...

'समाजवादी कार्यदिशा र त्यहीअनुसारको कार्यक्रम लिएर अघि बढेका दलहरू समाजवादी मोर्चामा छन्,' उनले भने, 'मोर्चामार्फत हामी संविधान बचाउने, प्रतिगमनको सम्भावित खतरालाई परास्त गर्दै अन्ततः अरु समाजवादी धाराका शक्तिहरूलाई गोलबद्ध गर्ने छलफल भएको छ ।' माओवादी अध्यक्ष दाहालले शुक्रबार संसद् बैठकमा ओली सरकारविरुद्ध सडक र सदन दुवै मोर्चा प्रयोग गर्ने छनक देखाएका छन् । उनले कांग्रेस-एमालेको वर्तमान सरकार संविधानबाट समानुपातिक निर्वाचन प्रणाली हटाएर प्रतिगमनतिर जाने खतरासमेत रहेको संसद् बैठकमै बोलेका थिए । यसका लागि दाहालले शक्ति प्रदर्शन गर्नेगरी मोर्चालाई क्रियाशील गर्न लागेका हुन् ।

राजनीतिक विश्लेषक नरेन्द्रजंग पिटरले माओवादी अध्यक्ष दाहालमा जहिल्यै शक्तिमा रहन उद्धत हुने प्रवृत्ति रहेको र त्यसकै कडीका रूपमा समाजवादी मोर्चा रहेको बताए । 'संविधान जारी हुँदा पनि दाहालले कहिले ३२ त कहिले २२ दलीय मोर्चा बनाए । पहिचानको आधारमा प्रदेश नामांकन गर्न दबाब देशभर आन्दोलन गरे,' उनले भने, 'अहिले पनि उनले चार दलीय मोर्चालाई ब्युँताएका हुन् ।'

पिटरका अनुसार दाहाल जहिल्यै राजनीतिको केन्द्रमा रहन कसरी सकिन्छ ? त्यसप्रति बढी चिन्तित देखिएका छन् । तर, मोर्चामार्फत गरिने प्रदर्शनजस्ता दबाबमूलक गतिविधिलाई दाहालले आफू सत्तामा पुग्ने मामिलामा दुरूपयोग गर्ने गरेको भन्दै मोर्चाघटक नेताहरू नै असन्तुष्ट छन् । हुन पनि मोर्चामार्फत प्राप्त राजनीतिक शक्तिले दाहाल २०७३ सालमा प्रधानमन्त्री भएका थिए । यसपटक पनि दाहाल त्यस्तैगरी मोर्चालाई सशक्त बनाउने र आफू शक्तिशाली हुनेतर्फ केन्द्रित भएका छन् ।

■■■

## प्रतिगमनको...

यो परिस्थितिमा गणतन्त्र तथा राष्ट्रियता रक्षाका लागि संघर्षलाई अगाडि बढाउनुपर्ने आवश्यकतामा हाम्रो पार्टीले जोड दिन्छ,' केसीले विज्ञप्तिमार्फत भने ।

उनले कांग्रेस-एमाले गठबन्धनलाई हानिकारक भएको बताए । त्यही भएर वर्तमान सरकारको विरोध गरिएको स्पष्ट पारे । उनले ओलीमा देखिएको अधिनायकवादी चरित्रले गर्दा राजनीतिक बदनाम भएको भन्दै गुनासो पनि पोखे । 'केपी ओलीले पार्टीभित्रको आन्तरिक लोकतन्त्रलाई समाप्त गर्ने, जनप्रतिनिधिमूलक संस्थाबाट आएको विरोधको सामना गरेर मार्गप्रशस्त गर्नेभन्दा दुई-दुई पटक संसद् नै भंग गरेर देशलाई प्रतिगमनतर्फ धकेल्ने कार्य गरेका थिए,' उनले विज्ञप्तिमा भनेका छन्, 'अहिले पनि केपी ओलीलाई त्यो गल्तीप्रति कुनै पश्चाताप नभएर त्यसको पक्षमा आफूलाई खडा गर्दै आइरहेका छन् ।'

ओलीलाई केसीले केही वर्षयता प्रतिगामी नेताको रूपमा चित्रण पनि गर्दै आएका छन् ।

■■■

## घरकै आडभरोसा...

पहिरोमा परेर आफ्नो माइलो छोरा हराइरहेकामा आमा फुलेनादेवीको रुदाँरुँदै आँखा सुन्निएको छ । आफ्नो छोराका बारेमा अहिलेसम्म कुनै पनि खबर थाहा नपाउँदा निकै चिन्तित भएको बताए । 'बिहीबार बेलुकापख छोरासँग खासै धेरै कुराकानी भएन । त्यो दिन छोरा बुबासँग मात्रै कुराकानी गरेर बिदा भएर बस चलाउन गए,' उनले भने, 'अहिलेसम्म छोराको न त श्वास नै पाउन सकेका छौं, न त लास नै पाउन सकेका छौं । पहिरोमा छोरो हराएदेखि मेरो मन बेचैन छ ।'

उनले आफ्नो छोरा पहिरोमा हराएपछि सान्त्वना दिनका लागि एञ्जल बसका प्रतिनिधि, स्थानीय नेता, सांसद तथा अन्य कोही पनि नआउँदा दुःख झनै बढेको बताए । 'छोराले फर्निचर चलाउने भन्दै ५० लाखभन्दा धेरै कर्जा लिएको छ,' उनले भने, 'छोरा नै नरहेपछि कर्जा कसरी तिर्ने भन्ने पीरले अर्को चिन्ता थपिरहेको छ ।'

बुबाका अनुसार जवाहीर डेढ दशकदेखि सवारीसाधन चलाउँदै आएका थिए । जवाहीरले एञ्जल डिलक्स बस चलाउन थालेको पनि चार-पाँच वर्ष भइसकेको छ । उनले प्रायः रात्रिबस चलाउँदै आइरहेका थिए ।

जवाहीरका दुई छोरा र एक छोरी रहेकी छन् । जेठी छोरी प्रीति कक्षा आठमा अध्ययनरत छिन् भने जेठो छोरा कक्षा ४ र कान्छो छोरा बिट्टु युकेजीमा अध्ययनरत छन् । १३ वर्षीय छोरी प्रीति महतोले आफ्नो बुबाको जतिसक्दो छिटो उद्धार गरिदिन अनुनय गरेका छन् । 'बुबालाई जतिसक्दो छिटो पानीबाट निकालिदिनूस् । अरू हामीलाई केही चाहिएको छैन,' उनले भने ।

जवाहीरका कान्छो भाइ मुन्ना महतो अहिले हराइरहेका दाजुको खोजीमा नारायणगढ-चितवनमा खटिरहेका छन् । मंगलबार दिउँसोसम्म जवाहीरको अवस्था पत्ता लाग्न सकिरहेको छैन । हराइरहेका जवाहीरका दिदी सुशीलादेवी महतोले भाइ पहिरोमा हराएसँगै परिवारको खुसी खोसिएको बताइन् ।

भगवान्का चार छोरा र एक छोरी छन् । तीमध्ये पहिरोमा परेर हराइरहेका जवाहीर माइलो छोरा हुन् । जेठो सुनिल कतारमा र साइलो हिरालाल वैदेशिक रोजगारीको सिलसिलामा मलेसियामा रहेका छन् भने कान्छो मुन्ना नेपालमा नै छन् ।

वीरगञ्जबाट काठमाडौं जाँदै गरेको एञ्जल डिलक्स बस चालकसहित १९ नेपाली र आठ भारतीय नागरिक सवार रहेका थिए । जिल्ला प्रशासन कार्यालय चितवनका अनुसार एञ्जल बसमा २७ जना यात्रु रहेका थिए । सहायक प्रमुख जिल्ला अधिकारी खिमानन्द भुसालले एञ्जल बसमा सवारमध्ये अहिलेसम्म तीन जनाको शव भेटिएर परिवारका सदस्यले सनाखत गरेको बताए । उनले भने, 'अहिले हामीले बेपत्ताहरूको खोजी कार्यलाई तीव्र पारिरहेका छौं ।' *रासस*

## नवलपुरमा थप...

पछिल्लो दिनमा जिल्लामा भेटिएका अन्य शव सिमलताल पहिरोमा बेपत्ता भएकाहरूका रहेकाले यी शव पनि त्यही घटनामा बेपत्ता भएकाहरूका हुनसक्ने भन्दै आफन्तलाई बोलाएर शव पहिचान गराउने काम भइरहेको पौडेलले बताए । सिमलताल पहिरोले बगाएर बेपत्ता दुई बसका यात्रुको शव नवलपुरमा धमाधम भेटिन थालेपछि जिल्लास्थित नारायणी नदी किनारका सम्भावित क्षेत्रमा खोजीकार्य तीव्र पारिएको छ । मंगलबार साँझसम्म यहाँ १७ शव भेटिएका छन् । तीमध्ये छ शवको मात्रै पहिचान खुलेको छ । अन्य शवको पहिचान खुल्न बाँकी छ ।

'नवलपुरतर्फ पानीको बहाव बढी भएका कारण सिमलताल पहिरोका यात्रुहरूको शव बगेर यता आउने गरेको हामीले पायौं,' प्रहरी नायब उपरीक्षक भने, 'कति स्थानमा बालुवाले पुरेको अवस्थामा शव भेटिएकाले हामीले त्यसैअनुसार खोजी गरिरहेका छौं ।'

शव खोजीका लागि नवलपुरतर्फ कालीगण्डकी र त्रिशूली नदीको संगमस्थल देवघाटदेखि त्रिवेणीसम्म नै सुरक्षाकर्मी परिचालन गरिएको पौडेलले बताए ।

■■■

## म्यानपावरले 'जिटको लाइसेन्स'...

जिटकोअन्तर्गत जापान जाने प्रशिक्षार्थी श्रमिकको उमेर ४० वर्ष ननाघेको हुनुपर्ने छ भने औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि, सहकारी सामुदायिक संघसंस्था, होटल, पर्यटन व्यवसायलगायतका सेवा तथा वस्तु उत्पादनका क्षेत्रमा काम गरेको न्यूनतम दुई वर्षको अनुभव हुनुपर्ने विभागले जनाएको छ । प्रशिक्षार्थी श्रमिक पठाउन स्वीकृति प्राप्त संस्थाहरूले अधिकतम ५० हजार रूपैयाँसम्म प्रवर्द्धन शुल्क लिन पाउने प्रावधान रहेको छ ।

जिटको जापानमा प्राविधिक इन्टर्न तालिमसम्बन्धी जागिरका लागि आवेदन दिने विदेशी श्रमिकहरूलाई मध्यस्थता गर्ने संस्था हो । प्राविधिक प्रशिक्षार्थी श्रमिकलाई जापान भित्र्याउन महत्त्वपूर्ण भूमिका खेलेको जिटकोले नेपालसहित भारत, चीन, पाकिस्तान, श्रीलंका, फिलिपिन्स, म्यानमार, भियतनामलगायत १६ मुलुकबाट प्रशिक्षार्थी श्रमिक लैजाने गरेको छ ।

■■■

## भिजिट भिसामा...

'शिक्षित युवा युवतीलाईसमेत युएईमा केही समयको बसाइँपछि युरोप अमेरिकालगायतका राष्ट्रमा पठाइदिने भन्दै सपना देखाएर ठूलो रकम असुल गर्ने गरेको, नेपालस्थित म्यानपावरले जानकारी गराएका कम्पनीले उपलब्ध गराउने तलब तथा सेवा सुविधाबारे सर्तहरू स्वीकार गरी विभिन्न म्यानपावरबाट युएईका विभिन्न कम्पनीमा काम गर्न आउने र कम्पनीमा करार सम्झौता गरी काम गर्न थालेको महिना दिन नपुग्दै सर्तबमोजिमका काम गर्न इन्कार गरी विनासूचना कम्पनी छाडी भागी एजेन्टको प्रलोभनमा परी फसेको र नेपाल सरकारले तय गरेको भिजिट भिसाका सम्पूर्ण सर्तहरू स्वीकार गरी युएई प्रवेशपश्चात् दलालले फसाएको जस्ता गुनासाहरूप्रति यस दूतावासको गम्भीर ध्यानाकर्षण भएको छ,' दूतावासको विज्ञप्तिमा उल्लेख छ ।

उल्लिखित कार्यमा ह्युमन रिसोर्स कन्सल्टेन्सी, इजाजतवाला म्यानपावर, मेनपावरका प्रतिनिधि बताउने तथा युएईस्थित स-साना कम्पनीका सञ्चालक र एजेन्टसमेत संलग्न रहेको बुझिन आएको दूतावासले जनाएको छ । यसरी अनधिकृतरूपमा विभिन्न षड्यन्त्र तथा जालझेलबाट हुने ठगी तथा आर्थिक शोषणबाट बच्न भिजिट भिसामा आउनुभन्दा अघि सोसम्बन्धी आधारभूत कुराहरूबारे स्पष्टसँग जानकारी लिन पनि दूतावासले सम्बन्धित सबैमा अनुरोध गरेको छ ।

भिजिट भिसामा वा श्रम स्वीकृति लिएर आएका व्यक्तिहरूले युरोपका विभिन्न मुलुकहरू तथा अमेरिकालगायतका अन्य राष्ट्रमा रोजगारीका लागि जाने विषयमा विद्यमान कानुनविपरीत व्यवस्था हुने भएकोले आधिकारिक निकायबाट सूचना तथा वास्तविकता बुझेरमात्र आफ्नो भिसा प्रोसेसिङ बढाउन र बैंकिङ च्यानलबाट मात्र आर्थिक कारोबार गर्न सुझाइएको छ ।


## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : BEST STEEL CONSTRUCTION LTD
पूर्व स्वीकृति मिति २०८१/०४/०१ LT. No. : 307566 चलानी नं. ६०२२२२६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 10 | 0 | 16500 | ४७,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Mason | 25 | 0 | 16500 | ४७,१३५ | | | | | | | |
| 3 | Steelfixer | 15 | 0 | 16500 | ४७,१३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन ९ गते (24th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैले सेवा शुल्कः निःशुल्क

INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनीः HORIZON TRADING EST.
पूर्व स्वीकृति मिति २०८१/०४/०१ LT. No. 307628 चलानी नं. ६०२२२३०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 5 | 0 | 1500 | ५३,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Kitchen Worker | 5 | 0 | 1200 | ४२,७८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन ९ गते (24th July 2024) मा हुनेछ ।

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैले सेवा शुल्कः निःशुल्क

Al Noor Overseas Pvt. Ltd
श्रम ईजाजत नं. १०८८/०७३/०७४
Samakhushi-26, Kathmandu, Nepal Phone : +977-4983094, 4960824
E-Mail : operation.alnoor@gmail.com, mktmp.alnooroverseas@gmail.com, Website : www.alnooroverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ESTABLISHMENT MOHAMMED BEN HAMED BEN MOHAMMED AL DHIBAN FOR GENERAL CONTRACTING
पूर्व स्वीकृति मिति २०८१/०३/३१ LT. No. 307551 चलानी नं. ६०२२२२७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 1 | 0 | 1500 | ५३,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन ९ गते (24th July 2024) मा हुनेछ ।

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैले सेवा शुल्कः निःशुल्क

Target Consultant Human Resources Pvt. Ltd.
श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SEDER RABIGH WASTE TRANSPORT- ONE PERSON COMPANY
पूर्व स्वीकृति मिति २०८१/०४/०१ LT. No. 307564 चलानी नं. ६०२२२२८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६४,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन ९ गते (24th July 2024) मा हुनेछ ।

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैले सेवा शुल्कः १०,०००

YUSHO GLOBAL PVT. LTD.
श्रम ईजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9, Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ESTABLISHMENT KHADER BEN ABDULLAH BEN ABDULLAH ALYUSAF COMMERCIAL
पूर्व स्वीकृति मिति २०८१/०४/०१ LT. No.307565 चलानी नं.: ६०२२२३०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 1 | 0 | 1300 | ३६,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन ९ गते (24th July 2024) मा हुनेछ ।

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैले सेवा शुल्कः १०,०००

YOUTH MANPOWER PVT.LTD.
License No. : 757/064/065
Sinamangal-9, Kathmandu, Nepal, Tel: 01-4566055, 4466966
E-mail : youthmanpower757@gmail.com, info@youthmanpower.com
Mobile: 9851090996 /9809393801/9809393802


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

बुधबार, २ साउन, २०८१

| | |
|---|---|
| मेष | सेवामुलक कामबाट धनलाभ प्राप्त हुने । |
| वृष | मिहिनेतले उपलब्धि हासिल हुने । |
| मिथुन | बिछोडिएका आफन्तहरूसँग रमाइलो भेटघाट । |
| कर्कट | आत्माविश्वासको कमीले काममा पछिपरिने । |
| सिंह | हडबड गर्नाले काममा बाधा पुग्ने । |
| कन्या | काममा प्रतिस्पर्धा बढ्न सक्छ । |
| तुला | टाढाको यात्राको सम्भावना हुनेछ । |
| वृश्चिक | स्वास्थ्यमा ध्यान पुर्‍याउनु पर्ने छ । |
| धनु | मिहिनेत गरे केही न केही उपलब्धि हुनेछ । |
| मकर | अप्ठ्यारा परिस्थितलाई सहज बनाउन सहिनेछ । |
| कुम्भ | व्यस्तताले शरिर कमजोरीको अनुभुति हुने । |
| मीन | धार्मिक मनोवृद्धि, सेवामुलक काम गरिनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टचाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२ साउन, २०८१ (१७ जुलाई, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.३६ | १३३.९६ |
| युरो | १ को | १४५.२४ | १४५.८९ |
| पाउन्ड स्टिर्लङ | १ को | १७२.८८ | १७३.६६ |
| स्विस फ्रैन्क | १ को | १४८.९१ | १४९.५८ |
| अस्ट्रेलियन डलर | १ को | ९०.३३ | ९०.७४ |
| क्यानाडियन डलर | १ को | ९७.९१ | ९८.३५ |
| सिँगापुर डलर | १ को | ९९.३३ | ९९.७७ |
| जापानी येन | १० को | ८.३९ | ८.४३ |
| चिनियाँ युआन | १ को | १८.३९ | १८.४७ |
| साउदी अरब रियाल | १ को | ३५.५६ | ३५.७२ |
| कतारी रियाल | १ को | ३६.५७ | ३६.७४ |
| थाई भाट | १ को | ३.६९ | ३.७० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.३१ | ३६.४७ |
| मलेसियन रिङेट | १ को | २८.५६ | २८.६९ |
| दक्षिण कोरियन वन | १०० को | ९.६९ | ९.७४ |
| स्विडिस क्रोनर | १ को | १२.६४ | १२.७० |
| डेनिस क्रोनर | १ को | १९.४७ | १९.५५ |
| हङकङ डलर | १ को | १७.०८ | १७.१६ |
| कुवेती दिनार | १ को | ४३६.४४ | ४३८.४१ |
| बहराइन दिनार | १ को | ३५३.८० | ३५५.३९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।

सिमताल दुर्घटना

# बेपत्ताको खोजीमा ३०१ सशस्त्र प्रहरी परिचालित

■ प्रभाव संवाददाता



**काठमाडौं–** चितवनको भरतपुर महानगरपालिका-२९ अन्तर्गत नारायणगढ-मुग्लिन सडकको सिमलतालमा गत शुक्रबार पहिरोमा परी त्रिशूली नदीमा बेपत्ता भएका दुई वटा बसका यात्रीको खोजी गर्न ३०१ सशस्त्र प्रहरी परिचालित भएका छन् ।

घटनास्थल सिमलतालदेखि गण्डक ब्यारेजसम्मको करिब १३२ किलोमिटर क्षेत्रमा उक्त संख्यामा जनशक्ति परिचालित भएको सशस्त्र प्रहरी बल नेपालका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिए । दुर्घटनास्थल वरिपरि सशस्त्र प्रहरीको विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटारबाट सशस्त्र प्रहरी उपरीक्षकको कमाण्डमा ११ जना गोताखोरसहित ८६ जनाको सुरक्षा फौज, दुई वटा मोटरबोट र सात वटा ऱ्याफ्टबोट परिचालन गरिएका छन् ।

यस्तै सशस्त्र प्रहरी बल नेपाल नं १७ गण चितवनबाट सशस्त्र प्रहरी उपरीक्षकको कमाण्डमा ११५ जनाको सुरक्षा फौज विभिन्न १५ वटा टोली बनाएर घटनास्थल, देवघाटदेखि शिवघाटसम्म, शिवघाटदेखि सिसवारसम्म, सिसवारदेखि गोलघाटसम्म खटाइएको छ । सोही गणबाट खटिएको फौज सिसवारदेखि गोलाघाटसम्म, आँपटारी, रामनगर, जुगेडी, गाईघाट, देवघाट, पुल्चोक, शिवघाट, गाजीपुर, सिसवार, गोलाघाटलगायत ठाउँमा परिचालित भएका सहप्रवक्ता थापाले जानकारी दिए ।

सशस्त्र प्रहरी नं २६ गण पश्चिम नवलपरासीबाट सशस्त्र प्रहरी निरीक्षकको कमाण्डमा ६० जनाको सुरक्षा फौज गण्डक व्यारेज इलाकामा खटाइएको छ । सशस्त्र प्रहरी नं ३१ गुल्म पूर्वी नवलपरासीबाट सशस्त्र प्रहरी सहायक निरीक्षकको कमाण्डमा १० जनाको सुरक्षा फौज गैंडाकोट नगरपालिका-१० को इलाकामा परिचालित भएका छन् ।

सशस्त्र प्रहरीको बोर्डर आउट पोस्ट त्रिवेणीबाट प्रहरी निरीक्षकको कमाण्डमा १० जनाको टोली गण्डक ब्यारेज इलाका, सुरक्षा वेश चोरमाराबाट प्रहरी सहायक निरीक्षकको कमाण्डमा १० जनाको टोली पूर्वी नवलपरासी जिल्लाको मध्यविन्दु नगरपालिका-३ भुटाहा इलाका र सुरक्षा वेश प्रगतिनगरबाट प्रहरी सहायक निरीक्षकको कमाण्डमा १० जनाको टोली देवचुली नगरपालिका-१५ खर्कटा इलाकामा खटाइएको छ ।

वीरगञ्जबाट काठमाडौं आउँदै गरेको बागमती प्रदेश ०३-००६ ख १५१६ नम्बर र काठमाडौंबाट गौरतर्फ जाँदै गरेको बाग्मती प्रदेश ०३-०११ ख २५९५ नम्बरको बस गत असार २८ गते बिहान त्रिशूली नदीमा बेपत्ता भएका थिए । ती बसमा ६५ यात्रु सवार रहेको प्रहरीले जनाएको छ ।

मंगलबारसम्म १७ वटा शव फेला परेका छन् । सोमध्ये नौ वटाको सनाखत भएको छ भने बाँकीको सनाखत हुन सकेको छैन ।

# महान्याधिवक्ता पोखरेलको राजीनामा

**काठमाडौं-** प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वमा नयाँ सरकार गठन भएसँगै महान्याधिवक्ता डा. दीनमणि पोखरेलले राजीनामा दिएका छन् । निवर्तमान प्रधानमन्त्री पुष्पकमल दाहालका कानुनी सल्लाहकार डा. पोखरेलले मंगलबार प्रधानमन्त्री ओलीमार्फत राष्ट्रपतिसमक्ष दिएको राजीनामा स्वीकृत भइसकेको छ ।

महान्याधिवक्ता प्रधानमन्त्रीको कानुनी सल्लाहकारका रूपमा रहने संवैधानिक व्यवस्था छ । त्यसैले प्रधानमन्त्रीले अनुकूल हुनेगरी महान्याधिवक्ता नियुक्त गर्ने र सरकार परिवर्तन भएमा पदबाट राजीनामा दिने परम्परा छ ।

सोहीअनुसार निवर्तमान प्रधानमन्त्री दाहालले २०७९ पुस १३ गते डा. पोखरेलाई महान्यायाधिवक्ता पदमा नियुक्त गरेका थिए । अर्को सरकार बनेपछि मंगलबार उनले पदबाट राजीनामा दिए । डा. पोखरेले एक वर्ष छ महिना १७ दिनमा महान्याधिवक्तका रूपमा काम गरे । यस अवधिमा सरकारी वकिलको सेवा सर्तसम्बन्धी कानुनको मस्यौदा तयार गरिएको, सजायमा छुट दिने मागदाबीसम्बन्धी निर्देशिका कार्यान्वयनमा ल्याइएको छ । अनुसन्धान तथा अभियोजनसम्बन्धी निर्देशिका, कसुरसम्बन्धी मुद्दाको अनुसन्धान एवं अभियोजनसम्बन्धी काम कारबाहीलाई सरल, स्पष्ट र सुव्यवस्थित गर्न महान्याधिवक्ताको राय लिई नेपाल सरकारले निर्देशिका बनाई लागू गर्नसक्ने कानुनी व्यवस्था छ ।

यस्तै आत्महत्या एवं प्रतिवादी नहुने प्रकृतिका अन्य ज्यान मुद्दा, वारदातबाट कसुर भएको देखिएको तर प्रतिवादी खुल्न नआएका अन्य मुद्दा र प्रतिवादी खुलेको भए पनि निजको मृत्यु भइसकेको मुद्दामा मुद्दा नचलाउने अन्तिम निर्णय जिल्ला सरकारी वकिल कार्यालयको प्रमुख वा सो हैसियतमा काम गर्ने सरकारी वकिलले गर्ने उनको कार्यकालमा व्यवस्था भएको छ ।


## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/०४/०२ गते)

बिष्णु प्रसाद घिमिरेको नाती, प्रेम प्रसाद घिमिरेको छोरा, जिल्ला बिराटनगर म.न.पा वडा नं. १० घर भई हाल जिल्ला बिराटनगर म.न.पा वडा नं. १० बस्ने शम्भु राज शर्मा घिमिरेको मिति २०८०/१०/०१ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको चावहिल शाखामा रहेको बचत खाता ०१९००१२६५५३००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निजको श्रीमती दुर्गा देबी घिमिरेले यस बैंक शाखा चावहिलमा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कले सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय चावहिलमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय चावहिल फोन नं.०१-४५९०९७८/४५७४२९९

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६६/०४/२७ मा दर्ता भएको प्रा.लि.नं. ६४९४९ को **एड्ज इन्भेष्टमेन्ट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

## हक दावी गर्न आउने बारेको सूचना

यस कार्यालयमा मिति २०७८/०८/२३ मा दर्ता भएको दर्ता नं. २७९२२२ को **जि.एस.एस प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FLOWER PUNCH PARTY FOUNDATION

पूर्व स्वीकृति मिति : २०८१/०४/०१ | LT. No. 307582 | चलानी नं. ६०२२२३०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Flower And Plant Seller | 2 | 0 | 1500 | ५३,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ९ गते (24th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TESLA OVERSEAS PVT.LTD.
Govt. License 1638/080/81
Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-5920966, 5920965
Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LE MIRAGE CITY WALK

पूर्व स्वीकृति मिति २०७९/०६/०९ | पुन विज्ञापन स्वीकृति मिति: २०८१/०४/०१ | LT. No.272502 | चलानी नं.६०१८८२९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant | 1 | 2 | 2000 | ७३,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ९ गते (24th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Green Tara International Overseas Services Pvt. Ltd.
श्रम ईजाजत नं. १०१८/०६८/०६९
Damodar Marga, Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-RABAAN CONTRACTING EST

पूर्व स्वीकृति मिति: २०८१/०४/०१ | LT. No.307609 | चलानी नं. ६०२२२२९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 2 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 1 | 0 | 1200 | ४२,७८५ | | | | | | | |
| 3 | Plumber | 1 | 0 | 1200 | ४२,७८५ | | | | | | | |
| 4 | Tile Fixer | 2 | 0 | 1200 | ४२,७८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ९ गते (24th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Emerald Isle Nepal Pvt. Ltd. (GULMI OVERSEAS PVT LTD)
श्रम ईजाजत नं. ११०८/०७३/०७४
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-4488542/4489323
Email:- emeraldislenepal@gmail.com, info@einepal.comSS

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : A .D.C ENERGY SYSTEMS L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०४/०१ | LT. No.307622 | चलानी नं. : ६०२२२३०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Helper & Worker | 150 | 0 | 800 | २९,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ९ गते (24th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Broadway Overseas Employment Service Pvt. Ltd.
Govt. License 378/059/060
Gaushala, Pingalasthan, Ktm, Nepal. Tel. : +977 1 4475367/4475368, Mobile: 9851116030, 985-1023153, 9810318569

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ADAA EMPLOYMENT LLC

पूर्व स्वीकृति मिति : २०८१/०३/२८ | LT. No. 307354 | चलानी नं. ६०२२२१२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 50 | 0 | 1200 | ४३,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General/ Mason Labour | 50 | 0 | 1200 | ४३,७६५ | | | | | | | |
| 3 | Labour | 50 | 0 | 1000 | ३६,४७० | | | | | | | |
| 4 | Steal Fixer | 50 | 0 | 1200 | ४३,७६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ९ गते (24th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Nexus Human Resource Pvt. Ltd.
Govt. License 1463/074/075
Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787, Mbl N. 9843103248, 9841093498, 9840747493

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TEN STAR MEN'S HEALTH INSTITUTE COMPANY

पूर्व स्वीकृति मिति २०८०/१२/१८ | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/01 | LT. No. 302885 | चलानी नं. ६०२१७७६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MASSAGIST | 4 | 0 | 150 | ६५,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ९ गते (24th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

KOPERASI INTERNATIONAL PVT. LTD.
Govt. License 1287/074/75
Tokha -9, Gongabu (Shiva Mandir), Kathmandu, Bagmati
Contact: +977 1- 5912411, 9767483111, Email: Koperasi227@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAQLEEN COMPANY LTD

पूर्व स्वीकृति मिति २०८१/04/01 | LT. No. 307545 | चलानी नं. ६०२२२३०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gas Station Attendant | 7 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ९ गते (24th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Jasmine Overseas Pvt. Ltd.
श्रम ईजाजत नं.८७४/०६६/०६७
Basundhara, Dhapasi Chauki, Kathmandu,Nepal, Tel : +977-1-4365056, 4387950, 4389279

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EMIRATES GATEWAY SECURITY SERVICES - LLC

पूर्व स्वीकृति मिति : २०८०/०५/२९ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/०१ | LT. No.292545 | चलानी नं.६०२०७७९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 172 | 0 | 2000 | ७२,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: विश्रान्ती पार्टी प्यालेस, प्रयोगमार्ग-३१, काठमाडौंमा मिति: २०८१ साउन १०/११/१२/१३ गते (25/26/27/28 July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ALPHA SIGMA OVERSEAS PVT. LTD.
श्रम ईजाजत नं. ५१६/०६१/०६२
P.O.Box : 10443, Sinamangal-09, Kathmandu, Nepal
Tel : +977-1-4561946, 4561827 Fax : +997-1-4465976
E-mail : alphasigmanepal@gmail.com, alphanepal@wlink.com.np,Website : www.lmperial.com.np

## युएई/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL EMRAN AL MUTQAN BUILDING CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८०/१२/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/01 | LT No. 302543 | चलानी नं.६०२१७३८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 1 | 0 | 2000 | ७२,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Labourer | 5 | 0 | 1000 | ३६,२९० | | | | | | | |
| 3 | Construction Carpenter | 5 | 0 | 1200 | ४३,५४५ | | | | | | | |
| 4 | Electrician | 2 | 0 | 1200 | ४३,५४५ | | | | | | | |
| 5 | Filling Clerk | 1 | 0 | 1800 | ६५,३२० | | | | | | | |
| 6 | Light Vehicle Driver | 1 | 0 | 1600 | ५८,०६५ | | | | | | | |
| 7 | Messenger | 1 | 0 | 1400 | ५०,८०५ | | | | | | | |
| 8 | Painter | 1 | 0 | 1200 | ४३,५४५ | | | | | | | |
| 9 | Plumber | 2 | 0 | 1200 | ४३,५४५ | | | | | | | |
| 10 | Stone Mason Assistant | 5 | 0 | 1200 | ४३,५४५ | | | | | | | |
| 11 | Telecommunication Assistant | 1 | 0 | 1600 | ५८,०६५ | | | | | | | |

कम्पनी : BLUEMEDIA FACTORY FOR ELECTRONIC BOARD INDUSTRY

पूर्व स्वीकृति मिति २०८१/०३/०२ | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/01 | LT No. 306585 | चलानी नं. ६०२२१२५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 10 | 0 | 130 | ५६,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ASMAA ARTIST BEAUTY SALON COMPANY FOR LADIES

पूर्व स्वीकृति मिति: २०८०/०५/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/01 | LT No. 292296 | चलानी नं. ६०२०७३४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicure & Pedicure | 0 | 2 | 150 | ६४,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ९ गते (24th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SUPREME OVERSEAS PVT. LTD.
श्रम ईजाजत नं. ३०१/०५९/०६०
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# किनारातर्फ धकेलिएका दाहाल

सशस्त्र विद्रोहकाल र त्यसपछि ६० को दशकभर माओवादी अध्यक्ष पुष्पकमल दाहालको पूरै रापताप थियो । उनी राष्ट्रिय राजनीतिको केन्द्रमा थिए । उनले जे बोल्थे, त्यसले अर्थ राख्थ्यो । अहिले त्यस्तो छैन ।

उनी यतिबेला संसदीय अंकगणितको खेलमा कमजोर छन् । उनीप्रतिको जनविश्वास गुम्दो छ । युद्धकालीन सहयात्रीहरू अलगथलग हुने क्रम जारी छ । घाइते र अपांगता भएकाहरूको नजरमा राजनीतिक गन्तव्यमा नपुऱ्याइ बेहाल पार्ने असफल नेतृत्व भएका छन् ।

उनै दाहाल अहिले राजनीतिको किनारातिर धकेलिँदै छन् । राजनीतिमा शक्तिहीनजस्तै बन्दै छन् । कारण, उनको शक्तिमा भएको तीव्र क्षयीकरण हो । यस्तो अवस्थाबीच उनी सत्ताच्युत हुनेबित्तिकै समाजवादी मोर्चालाई क्रियाशील बनाएर शक्तिमा फर्किने चेष्टामा छन् । सोमबार महिनौंपछि मोर्चाको बैठक बोलाए । मोर्चामा रहेका दल माओवादीसँगै नेकपा एकीकृत समाजवादी, नेपाल समाजवादी पार्टी र नेकपाका नेताहरू थिए । उनीहरूबीच अब जनतामा जाने निर्णयसमेत भइसकेको छ ।

झण्डै नौ वर्षसम्म सत्तामै रहेको माओवादी र उक्त दलका अध्यक्ष दाहालले जनतालाई बिर्सिए । चुनावमा भोटका लागिमात्रै सम्झिए । जसले गर्दा जनताले पनि माओवादीलाई बिर्सिंदै गए । माओवादी नेताहरू नै वैचारिक संघर्षका नाममा कित्ताकाट गर्दै विभक्त भए । दाहाल स्वयं परिवारवादमा रुमलिए । सांस्कृतिक जीवन व्यवहार कुनै कुलीन वर्गको भन्दा कम भएन । यतिसम्मकी दाहाल १८ जेठ २०८० मा भारतको भ्रमणको क्रममा धार्मिक नेताजस्तै देखिए । कहिल्यै नजाने उनी मन्दिर दर्शनमा पुगे । यो भनेको दाहालमा भएको धार्मिक विचलन हो । यसले गर्दा पनि दाहाल पूरै परिवर्तित स्वरूपमा देखिएका छन् ।

सयौं वर्षदेखि राज्यसत्ताबाट टाढा रहेका जाति, वर्ग, समुदाय र क्षेत्रका मानिसहरूको विश्वास गुमेको छ । सर्वहारा र उत्पीडित वर्ग नेतृत्वविहीन भएका छन् । जबकि, दाहाल नेतृत्वको सशस्त्र युद्धमा यिनै समुदायहरूको विश्वास थियो । कारण, उनीहरूले खोजेको पहिचानको मुद्दामा दाहाल प्रतिबद्ध र टिकाउ हुन सकेनन् ।

अर्को महत्त्वपूर्ण पक्ष के छ भने शान्ति प्रक्रियाका एक प्रमुख हिस्सेदार दाहाल पटक–पटक प्रधानमन्त्री भए पनि शान्ति प्रक्रिया ज्युँकात्यूँ छ । उनले कांग्रेस र एमालेसहितका दलहरूबीच सहमति गराएर शान्ति प्रक्रिया टुंगो लगाउन सकेनन् । यी घटनाक्रमले दाहाल पूरै शक्ति विलुप भएको नेता दरिएका छन् । फेरि शक्तिमा फर्किनेगरी तयारीमा दाहाल लागिपरेका छन् । यद्यपि, अब जनतामाझ गएर शक्तिमा फर्कन दाहाललाई सहज छैन ।

## मननयोग्य

### चाणक्य नीति

छिमेकी राज्यसहित विदेशीको गिद्धेदृष्टि मगधमा छ, तर राजालाई भोगविलासले त्यो जान्ने फुर्सद कहाँ छ ? सभामा बसेका सबैले थी ब्राह्मणलाई आश्चर्यचकित भई हेरिरहे । यस्तो कुरा राजा, नन्द र महामात्य राक्षसका सामुमा अगाडि भन्न सक्ने दुःसाहस सपनामा पनि उनीहरू गर्न सक्दैनथे ।

नन्दका कान सन्दरीका मीठो स्वर दरवारिया चापलुसी चाटुकारिता सुन्नमा व्यस्त हुन्थे, तर चाणक्यका सिसाजस्तो गड्ने कुरा सुनी रिसले तमतमाउँदै पूरै कडकर राजा नन्दले भने- 'यो मूर्ख बाह्मणलाई यहाँ कसले ल्यायो ? यसको यो दरबारमा प्रवेश गर्ने साहस कसरी भयो ?'

कुरा यसरी बिग्रिएको देखी अमात्य शकटार खडा धभई भन्न लागे 'महाराज , क्षमा चाहन्छु, मैले त तक्षशिलाका मार्तण्ड विद्वान् व्यक्तित्वलाई दरबारमा ल्याएको हूँ, यी विष्णगप्त हुन् । जसका बुद्धिको चर्चा देश-विदेशमा टाढा-टाढासम्म छ । जसको अर्थशास्त्र विश्वप्रसिद्ध छ र अन्य विषयमा पनि त्यस्तै राजनीतिक प्रकाण्ड विद्वान् । राजा नन्दले चाणक्यपछि फर्केर उपहास गर्दै भने यो शक्तिहीनजस्तो कुरूप व्यक्ति पनि प्रकाण्ड विद्वान मार्तण्ड विद्वान किन ?

राजाले चाणक्यलाई व्यङ्ग्य गरेको देखी सबै दरबारियाले पनि व्यग्य गर्न थाले । सुनिएको थियो- 'ब्राह्मणका रिस डरलाग्दो हुन्छ तर आज साक्षात् देख्ने मौका पायौं' चाणक्यको रिस सीमाबाहिर भयो। उनको शरीर रिसरूपी आगोले काम्न थाल्यो । कमण्डलुबाट जल लिएर हातमा राख्तै टुक्रिएर भने' राजा नन्द ।राजा तन्द । तिमीलाई यो पनि थाहा छैन, मगध एउटा दन्दनाएको ज्वालामुखी भइरहेछ । कहिले ज्वालामुखी फुट्छ । जुन राजाका हात युद्धमा शत्रुको शिर काट्नमा प्रयोग हुन्छ त्यही हात नर्तकी, वेश्या, कामिनीका साथ मोजमस्तीमा लागिरहन्छन् । हेर नन्द । राजाको शरीर प्रजामा अर्पण हुन्छ, तर म देख्दैछु राजा सुरा सुन्दरीमा समर्पित छ । जुन राजालाई बाहिरी देशको ज्ञान छैन त्यो ज्ञान चाकडी र चाप्लुसीवादले निकम्मा बनाएको छ । त्यस्ता राजाले आफ्नो राज्यमा के भएको चाल पाउदैन । क्रमशः

# लुतो फच्याँक्ने पर्व: हराउँदै गएको चलन



■ प्रा. डा. तीर्थप्रसाद मिश्र

"हाम्रा प्रत्येक पर्व र संस्कारभित्र अनेकौं रहस्य लुकेका छन् । लुतो फाल्ने पर्व मनोरञ्जन गराउन, जनचेतना जगाउन, उपलब्ध सामग्रीकै महत्व र उपादेयता देखाई प्रयोग गर्न तथा सामाजिक सद्भाव कायम गर्ने एउटा संस्कार हो । यस्ता संस्कारलाई भावी पुस्तासम्म पुऱ्याउन सकिएमा हाम्रो संस्कृति र मौलिकताको संरक्षणमा सहयोग पुग्दछ ।

बाह्रै महिनामा विविध पर्व तथा उत्सव मनाई रमाउने नेपाली समाजको विशेषता नै हो । यस्ता रीतिरिवाजले नेपालको आफ्नै संस्कृतिको पहिचान र गरिमा बढाएका छन् । नेपालीहरूले श्रावण महिनालाई अत्यन्तै पवित्र महिनाका रूपमा लिने गरेका छन्, यस्ता अनेकौं दृष्टान्त छन् । साना-ठूला गरी धेरै चाडपर्व यस महिनामा मनाइन्छन् भने अन्य चाडबाडको प्रारम्भ पनि श्रावणबाटै हुने गर्दछ । यसै दिनदेखि सूर्य कर्कट राशिमा प्रवेश गरेर उत्तरायणबाट दक्षिणायण लाग्ने हुँदा यसलाई कर्कट संक्रान्ति पनि भनिन्छ । यसै दिन नेपाली समाजमा लुतो फच्याँक्ने चलन चलेपछि यसलाई 'लुते संक्रान्ति' पनि भन्न थालियो ।

सबै चाडपर्व, रीतिरिवाज, परम्परा आदि तत्कालीन समयको इतिहास बुझ्न सहयोगी हुन्छन् । कतिपय चाडपर्व, उत्सव मनोरञ्जनसँग सम्बन्धित थिए भने कतिपय स्वास्थ्यसम्बन्धी जनचेतना जगाउने खालका छन् । यी कतिपय पर्वमा जनश्रुति एवं धार्मिक कथा गाथा जोडिँदा नयाँ पुस्तालाई अपेक्षाकृतरूपमा आकर्षण गर्न नसकिएको हो । धर्म र पापका दृष्टान्त दिएर सत्कर्ममा सबै अग्रसर होउन् भन्ने प्रयोजनले हो, अन्धभक्त बनाउन किमार्थ होइन ।

आज हिन्दू धर्मका कतिपय ग्रन्थहरूको मूल मर्मविपरीत कथा गाथा प्रचारप्रसार हुँदा भोलिका पुस्तामा संस्कृति र परम्पराप्रति अनास्था पैदा हुने र उत्साह हराउने सम्भावना छ । यसै कारण होला लुतो फच्याँक्ने प्रचलन हराउँदै गएको छ । लुतो फच्याँक्ने प्रचलनलाई सूक्ष्म दृष्टिले हेरेमा यो मनोरञ्जनको माध्यम हो, स्वास्थ्यसम्बन्धी जनचेतना जगाउने माध्यम हो । नेपालको कृषिप्रधान युगको संस्कृति हो, तत्कालीन समाजको जनविश्वास पनि हो ।

नेपाली समाजमा साउने र माघे संक्रान्तिलाई परिवार मिलन समारोहका रूपमा लिने गरिएको छ । साउने संक्रान्तिमा चेलीबेटी तथा ज्वाइँ वा अन्य पाहुनालाई आमन्त्रण गरी आफ्नो गच्छेअनुसारको परिकार तयार गरी भोजन गराउने चलन छ । विगतमा यी दुवै संक्रान्तिमा सार्वजनिक बिदा दिने गरिएको कुरा इतिहासले बताउँछ । लुतो फच्याँक्ने चलन सीधा स्वास्थ्यसँग जोडिएको संस्कार हो । खेतीपातीमा धमाधम हुँदा केटाकेटीको स्वास्थ्यमा उति ध्यान पुगेको देखिँदैन । हिलो र फोहोरमा हिँड्डुल गर्दा लुतो लाग्ने गर्दथ्यो ।

रोगव्याधीलगायतका समस्या सरुवा रोगसम्बन्धी जनचेतनाको कमीले गर्दा हुने हो तर कुनै अनिष्ट प्रकृतिका कारण रोगव्याधी आएको हो भन्ने तत्कालीन जनविश्वास थियो । त्यतिबेला सिमेभूमे, भूतप्रेत तथा पिसाच आदिको कुदृष्टिले रोग लागेको विश्वास व्याप्त थियो । यस्तो विश्वास धामीझाँक्री, झारफुके तथा जान्ने जस्ताले जगाइदिएका थिए । तर पनि आहारविहारमा नियन्त्रण नहुँदा रोग लागेको हो भन्ने चेत भने हाम्रा पुर्खामा थियो । त्यसैले सचेतना गराउने उद्देश्यले पनि यो लुतो फच्याँक्ने संस्कार विकसित भएको अनुमान गर्न सकिन्छ ।

लुतो फच्याँक्ने प्रचलन कहिले कसरी सुरु भयो यकीन गर्न भने सकिएको छैन तर यो प्रचलन खस साम्राज्यबाट सुरु भयो भन्ने अनुमान गर्न सकिन्छ । कालान्तरमा सोही साम्राज्य विखण्डन हुन गई बाइसी र चौबिसी राज्यहरू भए । खसभाषीहरूको बसाइँसराइ गर्दै पुगेको स्थानमा अरू पर्वजस्तै यो पर्व पनि पुगेको अनुमान गर्न सकिन्छ । हाल प्रचलित अनेकौं पर्व चाडपर्वहरूको जननी खस साम्राज्य नै थियो । खस साम्राज्यले नेपालको इतिहास र संस्कृतिमा पुऱ्याएको योगदान बुझ्न पनि यो लुते पर्व सहयोगी भएको छ । आजसम्म पनि यसै कारणले होला सुदूरपश्चिम प्रदेशमा साउन १ गते सार्वजनिक बिदा दिइन्छ ।

श्रावण १ गते पारिवारिक पूनर्मिलन समारोहको कार्यक्रम बिहान दिउँसो हुने गर्दछ भने बेलुका कन्दारकको पूजा आराधना गरी लुतो फच्याँक्ने क्रिया गरिन्थ्यो । विशेषगरी केटाकेटीहरू वनजंगलमा गई भलायोको पात, उन्यौ, तिउरी, पानीसरो, देवीसरो, कुकुरडाइनो, धसिंगरेको बोट, तीतेपाती, कुरिलो, सिउँडी, सिस्नो, पानीअमला जस्ता वनस्पति संकलन गरेर घर ल्याउँछन् । यसैगरी मौसमअनुसारका फलफूलहरू निबुवा, अम्बा, आरुबखडा, आलुचा, आरु, जुनार, सुन्तला, संखत्रो, नासपातीजस्ता फलफूल जम्मा गर्ने र आँगनमा तुलसीको मोठनजिक बासका साना साना कप्टेराका खुट्टा बनाई मण्डप बनाइन्छ । सो मण्डपको छेउछेउमा धान र चमरासहित मकैको बोट उठाएर राखिन्छ । मण्डपमा केराको पात बिछ्याएर संकलन गरिएका वनस्पति र फलफूल सजाइन्छ । त्यसै मण्डपमा पाँचमुठा राँको र १० वटा अगुल्टा राखी धोइपखाली गरेका ढुंगाका प्रतिमामा पूजा गर्ने चलन छ । झमक्क साँझ परेपछि कन्दारकको पूजाआजा गरिन्छ । कतैकतै त निबुवाजस्तै अमिला फललाई जनावरको आकार बनाई बलि पनि दिने गरिन्छ । कन्दारकको पूजा सकिएपछि राँको बाली अगुल्टोमा आगो सल्काई १० दिशामा फालिन्छ ।

कन्दारकको पूजापछि अगुल्टो फाल्दा मूलढोका लगाउने, नाङ्लो ठटाउने, ढिकी कुट्ने, जाँतो पिस्ने, दमाहा बजाउने, शंख फुक्ने र घण्टा बजाउने गरिन्छ । अगुल्टो फाल्दा लुतो भागिजा, अर्को गाउँमा सरिजा भनेर कराउने गरिन्छ । रातमा सुत्ने बेलामा हातखुट्टामा तेल लगाई तिउरी दलिन्थ्यो । तिउरी लेपन गरी हातखुट्टालाई हल्का बाँधेमा तिउरी रङ गाढा हुन्थ्यो, मेहन्दीको जस्तै ।

वि.सं. २०१५ अघिसम्म जिल्लाजिल्लामा सरकारीस्तरबाटै गर्ने गरिन्थ्यो । धनकुटा जिल्लाको निशानस्थानमा सबै अड्डाका प्रमुखसहित बडाहाकिमको उपस्थिति हुन्थ्यो । माथि उल्लिखित विधिद्वारा राजपुरोहितको निर्देशनमा पूजाआजा हुने र मूलकर्ता बडाहाकिम वा उनले तोकेको अधिकारी हुने चलन थियो । कन्दारकको पूजा आराधनापश्चात् १० दिशामा अगुल्टो फाल्दै लुतो फालिन्थ्यो । यो बढाइ सकेपछि गाउँघरमा लुतो फाल्ने कार्य प्रारम्भ हुन्थ्यो । त्यतिबेला लुतो फाल्ने दिनदेखि तीन दिनसम्म गोरु जोत्नु हुँदैन भन्ने मान्यता थियो ।

कास्की जिल्लाको भरतपोखरीस्थित प्रसिद्ध कोटभैरव मन्दिरलगायत केही धार्मिक स्थलमा सामूहिकरूपमा लुतो फाल्ने कार्यक्रम चलेको देखिन्छ । यस्ता प्रकारका मौलिक संस्कार अब सहरबाट प्रायः लोप भइसके भने पनि हुन्छ तर गाउँघर विशेषगरी कर्णाली क्षेत्रमा यो परम्परा अहिले पनि कायमै रहेको छ । बर्खामा हिलो फोहोरबाट रक्तविकार उत्पन्न भई घाउखटिरा जस्ता छालामा देखिने र देखिन सक्ने रोगबाट मुक्ति पाउन यो संस्कार चलेको अनुभव हुन्छ । रोगव्याधि आदि विभिन्न अदृश्य शक्तिको उपासना गर्दा ठीक हुन्छ भन्ने जनविश्वासको आधारमा कन्दारकको पूजाआजा गर्ने चलन चलेको थियो । लुतो फाल्ने उत्सवको महत्त्व र गरिमा विषयमा चिन्तन मनन् नहुँदा र यसको उपादेयताको विषयमा भावी पुस्तालाई जानकारी गराउन नसक्दा यस्ता कतिपय संस्कार-परम्परा लोप हुने स्थितिमा छन् । लुतो फाल्ने उत्सव नेपालको समाज, संस्कृति, इतिहास र जनविश्वाससँग गाँसिएको छ भन्ने जानकारी गराउन आवश्यक छ ।

यस पर्वलाई सचेतना दिवसका रूपमा पनि लिन सकिन्छ । सफा हुनाले छालाको रोग लाग्दैन भन्ने सन्देश यस पर्वले दिएको छ । यसैगरी विभिन्न जंगली झारपात तथा रुख-लहरा सञ्जीवनी बुटी हुन् । तिनको संरक्षण गर्नुपर्छ भन्ने चेतना पनि यस लुते संक्रान्तिले जगाएको छ । आयुर्वेद उपचार पद्धतिमा यस्ता वनसम्पदाको ठूलो महत्त्व छ तर हामीले यस्ता पद्धतिप्रतिको अविश्वास वा आधुनिक चिकित्साप्रतिको मोहका कारणले यस्ता वनस्पति चिन्न सकेका छैनौं । यी प्राकृतिक विधि लोप हुने स्थितिमा छन् । तिउरी लगाउँदा हिलोले खाएका हात खुट्टालाई फाइदा हुन्छ भन्ने कुरा नै धेरैले बिर्सिसकेका छन् । तिउरी लगाउँदा सर्पले नटोक्ने र विभिन्न छालाका रोगबाट बच्न सकिने जनविश्वासका साथ कर्णाली क्षेत्रको ग्रामीण भेगमा यो चलन अहिले पनि चलिरहेको पाइन्छ । अनिकाललगायतका प्राकृतिक प्रकोप झेल्न नपरोस् भन्ने आशयले पनि यो लुते पर्वको चलन चलेको भनाइ पनि छ ।

साउने संक्रान्तिको दिन दिउँसो खरानीमा कपडा पकाएर धुने चलनबाट त्यतिबेलाको सामाजिक स्थिति बुझ्न सकिन्छ । त्यो बेला साबुन, पाउडरजस्ता लुगा सफा गर्न प्रयोग हुने वस्तुको अभाव हुने हुँदा स्थानीय तवरबाटमा नै उपलब्ध हुने वस्तुको प्रयोग गरिन्थ्यो । लुते संक्रान्तिदेखि तीन दिनसम्म गोरु जोत्न हुँदैन भन्नुको तात्पर्य ती पाल्तु जनावरलाई आराम दिनुपर्छ भन्ने सन्देश प्रवाह गर्नु हो । बर्खाभरि खेतबारी जोतेका गोरुहरू थाकेका हुन्छन्, आराम चाहिन्छ भन्नको लागि यो चलन चलाएका हुन सक्छ । यस्ता पशुको हेरचाह र संरक्षण गर्नुपर्छ भन्ने चेत हाम्रा पुर्खालाई थियो ।

यसदिन बलेको अगुल्टोलाई चारै दिशामा फाल्दा अमुक गाउँको नामै उच्चारण गरी लैजा भन्ने गरिन्थ्यो । यसबाट त्यो समयमा एकअर्को गाउँप्रतिको आक्रोश व्यक्त हुन्थ्यो । गाउँ-गाउँबीच आपसी सम्बन्ध सदैव सौहार्द्रपूर्ण थिएन । एकले अर्कोलाई दबाउन खोज्ने तत्कालीन परिस्थिति थियो । यसैकारण यो पर्वमा अगुल्टो फाल्दा अर्को छिमेकी राज्यप्रतिको द्वेष प्रकट गर्ने एक संस्कार नै बन्न पुग्यो । यसैगरी बर्खाभरि खेती किसानीको सिलसिलामा भएका रिसराग विसंगति जस्ता समाजमा देखिएका लुतो पनि यस संस्कार सम्पन्न गर्दा हराउने विश्वास थियो । वास्तवमा यस्तै सामाजिक परम्पराबाट सामाजमा सामूहिक एकता र सहकार्यको भावना उत्पन्न भएको हो ।

हाम्रा प्रत्येक पर्व र संस्कारभित्र अनेकौं रहस्य लुकेका छन् । लुतो फाल्ने पर्व मनोरञ्जन गराउन, जनचेतना जगाउन, उपलब्ध सामग्रीकै महत्त्व र उपादेयता देखाई प्रयोग गर्न तथा सामाजिक सद्भाव कायम गर्ने एउटा संस्कार हो । यस्ता संस्कारलाई भावी पुस्तासम्म पुऱ्याउन सकिएमा हाम्रो संस्कृति र मौलिकताको संरक्षणमा सहयोग पुग्दछ । *रासस*

*(लेखक संस्कृतिविद् हुन्)*

## पत्र-मञ्जुषा

# ओली सरकारसँग जनतालाई छैन आशा

आइतबार बिहान ११ बजेतिर काठमाडौंको अनामनगरस्थित एक होटलमा दुई व्यक्ति चिया खान गए । होटल राम्रै थियो । त्यहाँको फर्निचर, सरसफाइ र सजावट सबैलाई आकर्षित गर्ने खालको थियो । होटलमा गएका ती दुई ग्राहकले लेमन टी खाए । र, दुई कप लेमन टीको ७० रूपैयाँ भनियो ।

ग्राहकले १०० रूपैयाँको नोट दियो । तर, ३० रूपैयाँ पनि नभएपछि होटल सञ्चालक बाहिर पैसा लिन गए । उनले करिब १५ मिनेट लगाएर पैसा ल्याए । अर्कोतर्फ, होटलमा ती दुई ग्राहकबाहेक अरु कोही पनि थिएन । होटल सुनसान थियो । मानौं कि दिनभर कोही आउँदैन । ग्राहक नआएपछि घरभाडा कसरी तिर्ने ? कसरी दैनिक खर्च धान्ने ? कसरी राज्यलाई कर तिर्ने ?

हामी मानिस भोक लागेपछि केही खान होटल जान्छौं । तर, खाने ठाउँमा त व्यापार छैन भने अन्य व्यापार व्यवसायको हालत के होला ? व्यापारीहरूको भनाइअनुसार बजार पूरै मन्दीमा छ । कोहीसँग पनि पैसा छैन । पैसा हुनेले पनि लुकाएका छन् । नहुनेसँग त हिजो पनि थिएन र आज पनि छैन । यहाँका ठूलठूला व्यापारी, कर्मचारी, नेताहरूले विदेशी बैंकमा पैसा राखेको बताइन्छ ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री नियुक्त भइसकेका छन् । ओली ०४८ सालपछि विभिन्न मन्त्री हुँदै प्रधानमन्त्री भइसकेका व्यक्ति हुन् । उनी प्रधानमन्त्री हुँदा बालुवाटारमा बाँसुरी बजाएर बस्थे । पार्टी र मन्त्रिपरिषद्को बैठकसमेत बालुवाटारमै राख्थे उनी । बालुवाटारमा तीजको कार्यक्रम राखेर नाचगान गर्नुका साथै उनले आफ्नो जन्मभूमिमा देशकै नक्सा केक बनाएर काटेरसमेत खाए । जनतासँग आँखा र दिमाग दुवै छ । त्यसैले, ओलीले विगतमा प्रधानमन्त्री हुँदा गरेको कामको जनताले मूल्यांकन गरिसकेका छन् ।

अहिले मुलुकको अर्थ व्यवस्था नाजुक अवस्थामा पुगेको छ । बैंक तथा वित्तीय संस्था टाट पल्टिने अवस्थामा पुगेका छन् । लघुवित्त, सहकारी, फाइनान्स त डुबिसकेका छन् । सहकारीले मात्र करोडौं बचतकर्ताको खर्बौं रकम खाएको छ । बचतकर्ताहरूलाई घर न घाटको बनाएको छ, सहकारीले । जनता निराश हुँदै गएका छन् ।

नेपाली कांग्रेस र नेकपा एमाले आ-आफ्नो स्वार्थका लागि जोडिएको छरपस्ट भइसकेको छ । झापाको गिरिबन्धु टि स्टेटको सरकारी जग्गा दुरूपयोग गरेको आरोप लागिरहँदा ओलीले कांग्रेससँग हत्तपत्त सहमति गरे । यता, आफ्नी पत्नी आरजु राणालाई नक्कली भुटानी शरणाथी प्रकरणमा बचाउन सभापति शेरबहादुर देउवाले पनि कांग्रेसको सिद्धान्त, विचार र धारणा नै बिर्सिएर ओलीसँग सम्झौता गरे ।

अहिले सेयर दलालीहरू विष्णु पौडेल अर्थमन्त्री हुनासाथ बजार पहिलाकै अवस्थामा फर्किने भन्दै सर्वसाधारण फसाइरहेका छन् । यसअघि पौडेल अर्थमन्त्री हुँदा यसरी नै हल्ला फिँजाएर बैंकले १०० रूपैयाँमा निष्काशन गरेको सेयर ३२ सय रूपैयाँ पुऱ्याइएको थियो । ३२ सयमा किनेको सेयर १०० रूपैयाँमा बिक्री नहुने अवस्था निम्तिएपछि ६५ लाख जनता चुर्लुम्मै भए ।

यसअघि अर्थमन्त्री हुँदा पौडेलले ६५ लाख जनतालाई सेयरमा लगानी गर्न लगाएर सडकछाप बनाइदिएका थिए । र, यसपटक अर्थमन्त्री हुँदा कति लाखलाई बनाउने छन् । पौडेल अर्थमन्त्रीबाट हटेपछि जनार्दन शर्मा, डा. प्रकाशशरण महत अनि वर्षमान पुन अर्थमन्त्री बने । तर, तीन जनाको पालामा सेयरको मूल्य बढेन । अहिले जनता भन्छन्, 'ओली नेतृत्वको सरकार १०० दिन पनि टिक्दैन ।'

अर्को रोचक कुरा सेयरमा पनि एमालेकै लगानी रहेको स्पष्ट भइसकेको छ । एमालेका विष्णु पौडेल अर्थमन्त्री हुनासाथ सेयरको मूल्य बढ्छ । र, अन्य पार्टीका नेताहरू अर्थमन्त्री हुँदा सेयरको मूल्य बढ्दैन । फेरि विष्णु पौडेल पनि कतिञ्जेल अर्थमन्त्रीमा टिक्ने होला र ? एक दिन त उनले पनि कुर्सी छोड्नैपर्छ । अनि त्यतिखेर अहिले फेरि पोडैल अर्थमन्त्री हुँदा महँगोमा सेयर किनेकाहरू चुलुम्मै डुब्ने छन् ।

सर्वसाधारणको आँकडाअनुसार ओली सरकार १०० दिन पनि टिक्दैन । सय दिनपछि ओली सरकार ढलेसँगै पौडेलको पनि अर्थमन्त्री पद गुम्छ । अनि १०० रूपैयाँको सेयर ३२ सय हालेर किन्ने सर्वसाधारण पहिलाका लगानीकर्ता डुबेर सडकछाप भएको अवस्थामा पुग्ने छन् । इतिहास हेरौं पहिला गार्मेन्ट, गलैंचा अनि फिल्म हलमा लगानी गर्नेहरू थुप्रा थिए ।

तर, सबै डुबे । यसपछि जग्गा प्लटिङ गर्नेहरूको पनि डुब्ने दिन आयो । सहकारीमा नाफा देखेपछि च्याउ उम्रिएझैं सहकारी खोलिन थाल्यो । यद्यपि, सहकारी पनि डुब्यो । सहकारीमात्र डुबेन, करोडौं बचतकर्ता पनि डुबे । अहिले अटो शोरुमहरूसमेत डुबेका छन् । यहाँ दलालीहरू नयाँ पोलिसी ल्याउँछन् अनि सर्वसाधारणलाई लगानी गर्न लगाई डुबाउँछन् । दलालीहरूले केसम्म गरेका छैनन् र ! हिजो पाँच हजार आनामा बिक्री नहुने खेतीयोग्य जमिन खण्डीकरण गरी आनाकै ६०-७० लाखमा बेचिदिए । त्यति महँगोमा जग्गा किन्नेहर अहिले मर्नु कि बाँच्नु अवस्थामा पुगेका छन् । बेचौं मूल्य छैन, बैंकको ऋण तिरौं पैसा छैन । गाडीमा लगानी गर्ने सर्वसाधारण पनि यसरी नै डुबेका छन् ।

कांग्रेस-एमालेका कार्यकर्ताले यो सरकारबाट थुप्रै चिज पाउलान् । तर, जनताले के पाउँछन् ? देशले के पाउँछ ? अहिले नेपालको विदेशी ऋण २७ खर्ब छ । तर, ओलीले केही महिनामै यसको दोब्बर-तेब्बर बनाइदिने छन् । यो सरकारले मुलुकको अर्थतन्त्रमा सुधार ल्याउँछ र बजार चलायमान हुन्छ भनेर जनतामा कुनै पनि आशा छैन । ओलीले पहिला पनि प्रधानमन्त्री हुँदा उखानटुक्का भनेरै जनतालाई अल्मल्याए । र, यसपटक पनि यही गर्ने छन् ।

**– रुषा थापा, भक्तपुर**

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# हलेसीमा 'पर्यटक सहायता प्रहरी कक्ष' स्थापना




**खोटाङ-** त्रिधार्मिकस्थल हलेसीमा पर्यटकलाई आवश्यक जानकारी दिने उद्देश्यले पर्यटक प्रहरी सहायता कक्ष (डेस्क) स्थापना गरिएको छ । हिन्दू, बौद्ध र किराँत धर्मावलम्बीको संगमस्थल हलेसीमा आउने आन्तरिक तथा बाह्य पर्यटकलाई समन्वय, सहजीकरण, सुरक्षालगायत सहयोग गर्न सहायता कक्ष स्थापना गरिएको हो ।

कोशी प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालयको व्यवस्थापनमा प्रदेश प्रहरीबाट तालिम लिएर दक्ष जनशक्तिसहित पर्यटक प्रहरी सहायता कक्ष स्थापना गरिएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक पुरुषोत्तम खड्काले बताए । उनका अनुसार डेस्कमा प्रहरी नायब निरीक्षकको नेतृत्वमा तीनजना प्रहरी खटाइएको छ ।

डेस्कमा खटिएका प्रहरीले पर्यटकीयस्थलमा गस्ती तथा पेट्रोलिङ गर्ने, पर्यटकका लागि आवश्यक सूचना आदानप्रदान गर्ने, पर्यटकको सुरक्षा गर्ने, समस्यामा परेमा सहयोग र समन्वय गर्ने खड्काको भनाइ छ । पर्यटकबाट आएका उजुरी, निवेदनमाथि छानबिन तथा कारबाही गर्ने, अनुमति बिना पथप्रदर्शन गर्नेलाई कारबाहीलगायत काम उक्त सहायता कक्षमार्फत गरिने उनले जानकारी दिए ।

'पर्यटकका बारेमा फौजदारी अपराधसम्बन्धी कुनै जानकारी आएमा सोबारे सम्बन्धित दूतावाससँग सम्पर्क गरेर स्थानीय प्रहरीमार्फत आवश्यक कारबाही गर्ने, होटल तथा ट्राभल, ट्रेकिङ र र्‍याफ्टिङ एजेन्सीको निरीक्षण, समभ्कदारी, अध्ययन गरी प्रतिवेदन तयार गर्ने, पर्यटकीय क्षेत्रमा कुनै अभद्र व्यवहार, अश्लील तथा अवाञ्छित क्रियाकलाप गर्नेलाई नियन्त्रणमा लिई कारबाहीका लागि सम्बन्धित निकायमा पठाउने काम गरिने छ,' प्रहरी नायव उपरीक्षक खड्काले भने ।

दैनिक सयौंको संख्यामा आन्तरिक तथा बाह्य पर्यटकको घुइँचो लाग्ने हलेसीमा पर्यटक सहायता प्रहरी डेस्क स्थापना गरिएसँगै शान्ति, सुरक्षा थप प्रभावकारी र व्यवस्थित भएको हलेसी मन्दिर व्यवस्थापन समितिका अध्यक्ष गजुरमान राईले जानकारी दिए । धार्मिक पर्यटकीयस्थल हलेसीमा हरेक वर्षको साउनमा महिनाभर बोलबम मेला लाग्ने गरेको छ ।

दैनिक हजारौंको संख्यामा भक्तजन, दर्शनार्थी तथा पर्यटकको सहभागी हुने मेलालाई व्यवस्थित गर्नसमेत डेस्कले सहयोग गर्ने प्रनाउ खड्काको भनाइ छ । बोलबममा विशेषगरी भारतीय नागरिक यहाँ आउने गरेका समितिले जनाएको छ । मेलालाई व्यवस्थित गर्न नगरपालिकाको तर्फबाट स्वयंसेवक परिचालन गरिने हलेसी तुवाचुङ नगरपालिकाका प्रवक्ता एवं वडा नं ७ का वडाध्यक्ष कमल गिरीले जानकारी दिए ।

त्रिधार्मिकस्थल हलेसीमा रामनवमी, शिवरात्री, बालाचर्तुदशी, हरितालिका तीज, बोलबमलगायत पर्वमा ठूलो मेला लाग्ने गरेको छ । मेला भर्नका लागि नेपालका सबै जिल्ला तथा छिमेकी राष्ट्र भारत, चीन, भुटान, बंगलादेश, दक्षिण कोरियालगायत विभिन्न राष्ट्रबाट दर्शनार्थी यहाँ आउने गरेका छन् ।

राजधानी काठमाडौंसँगै तराईका विभिन्न जिल्ला जोड्ने मध्यपहाडी लोकमार्गको सडकखण्ड कालोपत्र गरिएकाले हलेसी आउने दर्शनार्थीको संख्या वृद्धि हुँदै गएको स्थानीयले बताएका छन् । यहाँ लाग्ने मेलामा अप्रिय घटना हुन नदिन तथा मेलालाई व्यवस्थित गर्न सदरमुकाम दिक्तेलबाट सुरक्षाकर्मीको टोलीसमेत परिचालन हुँदै आएको छ ।

धार्मिकरूपमा मात्र नभई प्राकृतिक रूपले पनि विश्व प्रसिद्ध त्रिधार्मिकस्थल हलेसीको दर्शन तथा पूजाआजा गर्नाले मनोकांक्षा पूरा हुने जनविश्वास रहिआएको छ । चट्टानैचट्टानले बनेको हलेसी मन्दिर आसपास महादेव गुफा, बसाहा गुफा, शिवपार्वती थान, भैरव गुफा, धर्मद्वार, पापद्वार, स्वर्गद्वारलगायत विभिन्न द्वारहरू अवस्थित छन् ।

प्राकृतिक भू-बनोटको हिसाबले पनि नमूना मानिने खोटाङको हलेसीस्थित बसाहा गुफा महादेव गुफाको ठीक पछाडिपट्टी पर्दछ । घनाजंगलको बीचमा अवस्थित बसाहा गुफाको करिब ५० मिटरभित्र छिरेपछि देखिने आकाशको दृश्य प्राकृतिक सौन्दर्यको अनुपम उपहार रहेको पर्यटक बताउँछन् । *रासस*

## साउन ६ मा विश्वासको मत लिँदै मुख्यमन्त्री जम्कट्टेल



**मकवानपुर (प्रस)-** बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले यही साउन ६ गते विश्वासको मत लिने भएको छ । केन्द्रीय सत्ता समीकरणमा आएको फेरबदलसँगै नेकपा एमाले सरकारलाई दिएको समर्थन फिर्ता लिएर बाहिरिएपछि उनलेविश्वासकोमतलिन लागेका हुन् ।

विश्वासको मत लिने प्रक्रियाको कार्यसूची तयार गर्न साउन ६ गतेका दिन बिहान ११ बजे संसद्को कार्य परामर्श व्यवस्थापन समितिको बैठक बस्ने र सो बैठकले कार्यसूची तयार गरी बैठकमा प्रस्तुत गर्ने बागमती प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले जानकारी दिए ।

मुख्यमन्त्री जम्मकट्टेलको मन्त्रिपरिषद्मा एमालेका तर्फबाट समावेश पाँच मन्त्रीले सामूहिक राजीनामा दिएपछि उनी अल्पमतमा परेका हुन् । मुख्यमन्त्री जम्कट्टेलको नेतृत्वमा रहेको सरकारमा अहिले माओवादीको दुई, एकीकृत समाजवादीको तीन र हाम्रो नेपाली पार्टीको एक गरी आठ जना मन्त्री छन् । केन्द्रीय राजनीतिको प्रभावस्वरूप माओवादी केन्द्र नेतृत्वको बागमती प्रदेश सरकार ढल्ने अवस्थामा पुगेको हो ।

## धादिङको किचेतमा पहिरोले गाउँ नै जोखिममा

**मलेखु (धादिङ)-** धादिङको उत्तरी क्षेत्रस्थित गंगाजमुना गाउँपालिका-१ किचेतमा पहिरोले गाउँ नै जोखिममा परेको छ । आइतबार राति वर्षात्सँगै आएको पहिरोले गाउँ जोखिममा परेको हो ।

गाउँमुनिबाट सुरु भएको पहिरोले करिब २० घर जोखिममा परेको स्थानीय पूर्ण तामाङले जानकारी दिएका छन् । 'चारैतिरबाट पहिरोले घेरेको छ । गाउँभन्दा मुनिबाट जतातत्तै छियाछिया बनेको छ । एउटा घरको शौचालय बगिसक्यो,' उनले भने, 'आइतबार राति १२ बजेतिर पानी पऱ्यो, घरसम्मै पहिरो आइपुगेपछि गाउँका कोही सुत्न पाएका छैनौं ।'



चिरा परेको छ । गाउँमा बजारको जस्तै सबै जोडिएको भ्रुरूपप परेका घरहरू छ । एउटा भत्किनेबित्तिकै सबै भत्किने खालको घरहरू छन् । पहिरोको मुखमै परेको नोर्बु लामासहित तीन/चार परिवारले राति नै घर खाली गरेको पूर्णले जानकारी दिए ।

उनका अनुसार बस्तीभन्दा तल्लो भागबाट बारीका गराहरू भासिन थालेका छन् । जमिन चिरा परेर बग्न थालेको छ । पहिरो भर्ने संकेत देखिन थालेपछि स्थानीय त्रसित बनेका छन् । पहिरो भर्न थालेको भागमा बिजुलीको खम्बासमेत रहेकाले भन खतरा बढेको जनाइएको छ । अन्नपात, लत्ताकपडा र महत्त्वपूर्ण सामान घरबाट निकालेर सुरक्षित स्थानतर्फ सार्ने तयारी गरिरहेको स्थानीयले बताएका छन् ।

किचेत गाउँमा विशेषगरी तामाङ समुदायको बसोबास छ । सो गाउँ जिल्ला सदरमुकाम धादिङबेँसीबाट करिब ५५ किलोमिटरको दूरीमा छ । बर्खा लागेपछि सो स्थानमा पुग्न यातायात सेवासमेत अवरुद्ध हुने गर्दछ । *रासस*

## मुक्तकमैयाको पुनःस्थापना कार्य अगाडि बढाउन माग

**कैलाली (प्रस)-** मुक्तकमैया महिला विकास मञ्चले पुनःस्थापना हुन नसकेका मुक्तकमैयाको पुनःस्थापना गर्न सरकारसँग माग गरेको छ ।

मञ्चले २४औं मुक्तकमैया दिवसका पूर्वसन्ध्यामा मंगलबार धनगढीमा आयोजना गरेको पत्रकार सम्मेलनमा कृषि दासताबाट मुक्त घोषणा गरिएका कमैया अभै चरम गरिबी र अभावपूर्ण जीवनयापन गर्न बाध्य भएको भन्दै पुनःस्थापनाका लागि नेपाल सरकारसँग माग गरेको हो ।

मञ्चकी संस्थापक अध्यक्ष कौसिला चौधरीले कमैयालाई मुक्तिको घोषणा गरिएको २४ वर्ष र कम्लरी मुक्ति भएको ११ वर्ष बितिसक्दा पनि पूर्ण पुनःस्थापना हुन नसकेको बताइन् । नेपाल सरकारले भू-दासको रूपमा काम गरिरहेकाहरूलाई दासताको बन्धनबाट मुक्त गर्न महत्त्वपूर्ण काम गरे पनि अभै केही काम गर्न बाँकी रहेको उनको भनाइ छ । संस्थापक अध्यक्ष चौधरीले भनिन्, 'परिचयपत्र नपाएका मुक्तकमैयालाई परिचयपत्र प्रदान गर्न र उचित बासस्थानको व्यवस्था गर्न सरकारसँग हाम्रो आग्रह छ ।'

मञ्चकी अध्यक्ष सीमाकुमारी चौधरीले पुनःस्थापना हुनबाट वञ्चित मुक्तकमैयाको पहिचान गरी पुनःस्थापना गर्नुपर्नेमा जोड दिइन् । भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालयको कमैया पुनःस्थापनासम्बन्धी सरकारी तथ्यांक २०७५/७६ अनुसार कैलाली, कञ्चनपुर, बाँके, बर्दिया र दाङसहित पाँच जिल्लामा २७ हजार ५७० ले परिचयपत्र पाए पनि तीमध्ये दुई हजार ३७५ को पुनःस्थापना हुनसकेको मञ्चले जनाएको छ ।

यस्तै सुदूरपश्चिम प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले जारी गरेको मुक्त, कमैया, कम्लरी तथा हलिया पुनःस्थापना कार्यविधि, २०८० पूर्णरूपमा कार्यान्वयन गर्नुपर्ने, स्थानीय सरकारले मुक्तकमैया तथा कम्लरीको जीविकोपार्जनका कार्यक्रम लागू गर्नुपर्ने, मुक्तकमैया, मुक्तकम्लरीको समस्या सामाधानका लागि एकीकृत ऐन जारी गरी पुनःस्थापना कार्य अगाडि बढाउनुपर्ने, विविध कारणले तथ्यांक संकलनमा नाम छुट भएकाको पुनः तथ्याक संकलन गरी परिचयपत्रको प्रदान गर्नुपर्ने, मुक्तकमैया बालबालिका र कम्लरीलाई शिक्षामा पहुँच अभिवृद्धि गर्न छात्रवृत्ति शिक्षा निर्देशिका संशोधन गरी लागू गर्नुपर्नेलगायत विभिन्न माग गरेका छन् । लामो समयको संघर्षपछि तत्कालीन सरकारले २०५७ साउन २ गते कमैया मुक्तिको घोषणा गरेको थियो ।


# MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : AMBRE RESORT LTD

पूर्व स्वीकृति मिति : २०८१/०३/३० | LT. No. 307319 | चलानी नं. ६०२२२३१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WAITER/WAITRESS | 15 | 0 | 16500 | ४७,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ बर्ष |
| 2 | ROOM ATTENDANT | 15 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 3 | STEWARD | 10 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 4 | BARTENDER | 10 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 5 | COOK | 10 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 6 | CHEF | 5 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 7 | BAKERY OPERATOR | 5 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 8 | SPA THERAPIST | 5 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 9 | SOMMELIER | 5 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 10 | COFFEE BARISTA | 3 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 11 | MIXOLOGIST | 2 | 0 | 16500 | ४७,३५५ | | | | | | | |

कम्पनी : WOLMAR SUN HOTELS LIMITED

पूर्व स्वीकृति मिति : २०८१/०३/३० | LT. No. 307320 | चलानी नं. ६०२२२३१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WAITER/WAITRESS | 15 | 0 | 16500 | ४७,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ बर्ष |
| 2 | ROOM ATTENDANT | 15 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 3 | STEWARD | 10 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 4 | BARTENDER | 10 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 5 | COOK | 10 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 6 | CHEF | 5 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 7 | BAKERY OPERATOR | 5 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 8 | SPA THERAPIST | 5 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 9 | SOMMELIER | 5 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 10 | COFFEE BARISTA | 3 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 11 | MIXOLOGIST | 2 | 0 | 16500 | ४७,३५५ | | | | | | | |

कम्पनी : LONG BEACH RESORT LTD

पूर्व स्वीकृति मिति : २०८१/०३/२८ | LT. No. 307305 | चलानी नं.६०२२२३१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bakery Operator | 5 | 0 | 16500 | ४७,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ बर्ष |
| 2 | Bartender | 10 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 3 | Chef | 5 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 4 | Coffee Barista | 3 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 5 | Cook | 10 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 6 | Mixologist | 2 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 7 | Room Attendant | 15 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 8 | Sommelier | 5 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 9 | Spa Therapist | 5 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 10 | Steward | 10 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 11 | Waiter/waitress | 15 | 0 | 16500 | ४७,३५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः युनिभर्सल टेक्निकल इन्स्टिट्युट एण्ड ओरियन्टेशन सेन्टर, कपन मार्ग ३, काठमाडौंमा मितिः २०८१ साउन १०, १२ गते (25/27 July 2024) मा हुनेछ ।
सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर, इटहरी ६, सुनसरीमा मितिः २०८१ साउन ११ गते (26th July 2024) मा हुनेछ ।

कम्पनी : PICK AND BUY LIMITED

पूर्व स्वीकृति मिति २०८१/०१/०२ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/०१ | LT. No. 303424 | चलानी नं.६०२१८२९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing Machine Operator | 54 | 0 | 16500 | ४७,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ बर्ष |
| 2 | Cold Room Attendant | 30 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 3 | Meat Fish Cutter | 30 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 4 | Bakery Operator | 20 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 5 | Cook | 20 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 6 | Pastry Maker | 14 | 0 | 16500 | ४७,३५५ | | | | | | | |

कम्पनी : CITY AND BEACH HOTELS LIMITED

पूर्व स्वीकृति मिति : २०८१/०३/२८ | LT. No.:307268 | चलानी नं.: ६०२२२३१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bakery Operator | 5 | 0 | 16500 | ४७,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ बर्ष |
| 2 | Bartender | 10 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 3 | Chef | 5 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 4 | Coffee Barista | 3 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 5 | Cook | 10 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 6 | Mixologist | 2 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 7 | Room Attendant | 15 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 8 | Sommelier | 5 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 9 | Spa Therapist | 5 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 10 | Steward | 10 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 11 | Waiter/waitress | 15 | 0 | 16500 | ४७,३५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः युनिभर्सल टेक्निकल इन्स्टिट्युट एण्ड ओरियन्टेशन सेन्टर, कपन मार्ग ३, काठमाडौंमा मितिः २०८१ साउन १०, १२ र १३ गते (25/27/28 July 2024) मा हुनेछ ।
सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर, इटहरी ६, सुनसरीमा मितिः २०८१ साउन ११ गते (26th July 2024) मा हुनेछ ।

कम्पनी : SEVEN SEVEN CO LTD

पूर्व स्वीकृति मिति : २०८१/०४/०१ | LT. No.:307556 | चलानी नं.: ६०२२२२९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 5 | 0 | 15000 | ४३,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ बर्ष |
| 2 | Factory Operator - Fish Processing | 15 | 0 | 15000 | ४३,०७० | | | | | | | |
| 3 | Factory Operator - Meat Processing | 20 | 0 | 15000 | ४३,०७० | | | | | | | |
| 4 | Fish Cutting Operator | 20 | 0 | 15000 | ४३,०७० | | | | | | | |
| 5 | General Technician | 5 | 0 | 15000 | ४३,०७० | | | | | | | |
| 6 | Meat Cutting Operator | 20 | 0 | 15000 | ४३,०७० | | | | | | | |
| 7 | Packing Machine Operator | 30 | 0 | 15000 | ४३,०७० | | | | | | | |
| 8 | Pastry Operator | 60 | 0 | 15000 | ४३,०७० | | | | | | | |
| 9 | Shelf Filler | 25 | 0 | 15000 | ४३,०७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन ९ गते (24th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GRACE OVERSEAS PVT. LTD.
Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853
Mobile: 9851086232
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np


### माइग्रेसन हराएको सूचना

मितिः २०८१/०१/०५ गते घण्टाघरदेखि दरबारमार्गसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको पूर्वाञ्चल विश्वविद्यालयको सक्कल माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : राम अधिकारी**
**रजिस्ट्रेसन.नं.: २५-३-२-११०९-२००२**
**सिरियल नं.: ६६३२**
**ठेगाना.: धरान ११, सुनसरी**
**सम्पर्कः ९७०४५५७८५३**

### व्यापारिक प्रयोजनका लागि काठ दाउरा बिक्रीको सूचना

यस ज्यामिरे सामुदायिक वन उपभोक्ता समूह मरिण - ४ सिन्धुलीले घाटगद्धी गरी राखेको साल जातको गोलिया काठ एबिसि ग्रेडका १०१ थानको जम्मा १२१९.७७ क्यूफिट काठ र २ चट्टा दाउरा व्यापारिक प्रयोजनका लागि बिक्री गर्नु पर्ने भएकाले रित पुगेका व्यवसायीहरूका लागि यो २१ दिने सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धि विस्तृत विवरण यस सावउसको कार्यालयबाट लिनु हुन सूचित गरिन्छ ।

**ज्यामिरे सामुदायिक वन उपभोक्ता समूह**
**मरिण - ४, सिन्धुली**

प्रभाव दैनिक

## धिरज र उपसनाको रोमान्स

फिल्म 'खुस्मा'को पहिलो गीत 'खुसीका पल बटुलेर' रिलिज भएको छ। एसडी योगीको संगीतमा तयार भएको प्रेमिल गीतमा संगीतकार योगी तथा विज्ञानी पराजुलीको युगल स्वर छ। गीत राम अविरल विष्टले लेखेका हुन्। गीतमा फिल्मका शीर्ष कलाकार धिरज मगर तथा उपसना सिंह ठकुरीको मिठासपूर्ण प्रेमाभाव देख्न सकिन्छ। गीतको भिडियोमा पूर्वी रूकुमका सुन्दर दृश्यहरू कैद गरिएको छ। यस्तै गीतको कोरियोग्राफी सुरेन्द्र राईले गरेका हुन्। अशोक थापामगर फिल्मका लेखक-निर्देशक हुन्। यो फिल्म असोज ३ गते रिलिज हुनेछ।



बुधबार, ०२ साउन २०८१ (Wednesday, July 17, 2024)

# भीमसिमताल दुर्घटनालाई 'पब्लिक च्वाइज अवार्ड'

■ प्रभाव संवाददाता

**काठमाडौं–** दोस्रो 'राष्ट्रिय आदिवासी संगीत तथा चलचित्र अवार्ड-२०८१'मा गायक भीम लिम्बू सेनेहाङले 'पब्लिक च्वाइज अवार्ड' जितेका छन्। गायक लिम्बूले लिम्बू संस्कृतिमा आाधारित पालम 'मिन्जिमा ए'बाट अवार्ड पाएका हुन्।

क्वालिटी फिल्मस् प्रालिद्वारा आयोजित अवार्ड कार्यक्रममा संगीतका १४ र फिल्मका नौ गरी २३ विधामा अवार्ड प्रदान गरिएको थियो। पूर्वउपराष्ट्रपति परमानन्द झाको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा वरिष्ठ गायिका तथा अभिनेत्री कविता आले मगरलाई 'दीर्घ साधना सम्मान' प्रदान गरिएको थियो।

आदिवासी जनजातिका चलचित्र एवं गीतसंगीतको प्रवर्द्धन गर्ने उद्देश्यले आयोजित अवार्ड कार्यक्रमको यस दोस्रो संस्करणमा तामाङ, गुरुङ, लिम्बू, राई लगायतका आदिवासी जनजातीका कला, संस्कृति र रहन-सहन आधारित गीतसंगीत र चलचित्रले सहभागी जनएका थिए।

'पब्लिक च्वाइज' अवार्ड पाएको गायक भीम लिम्बूको 'मिन्जिमा ए' हालैमात्र रिलिज भएको हो। उक्त गीतमा लिम्बू समुदायको कला र मौलिक संस्कृतिलाई मुख्य विषयवस्तु बनाइएको छ। 'मिन्जिमा ए'मा भीम लिम्बू र गायिका मनु नेम्बाङको स्वर छ।



गायक भीम लिम्बूले पहिलोपटक अवार्ड पाएको बताए। अवार्ड हात पारेपछि उनले भने, 'दशक बढीको मेरो सांगीतिक यात्रामा यो मेरो पहिलो अवार्ड हो, यसअघि २०७२ सालमा 'ईमेज अवार्ड'मा नोमिनेशनमा परेपनि अवार्ड पाइनँ।' ५० भन्दा बढी गीत गाइसकेका भीमका करिब एक दर्जन गीत चर्चित छन्।

अवार्ड र पुरस्कार कार्यक्रमहरू वेवास्ता गरेकै कारण आफूले अहिलेसम्म अवार्ड नपाएको उनको भनाइ छ। 'अवार्ड कार्यक्रमको मलाई वास्तै हुँदैथ्यो। यो पटकमा साथीहरूले गर्दा कार्यक्रममा सहभागी भएको हुँ। संयोगले अवार्ड पनि पाएँ। अवार्ड पाएपछि हौसला बढ्दोरहेछ।'

गायक भीमले आफ्ना तीनवटा गीत रिलिज हुनेक्रममा रहेका बताए। उनका अनुसार 'सिलाम साक्मा' र 'हौ के भन्छ' बोलका दुई गीत र एउटा पालम यही साउन महिनाभित्र रिलिज हुनेछ। जसमा भीमसँगै गायिका मेचु धिमालको स्वर रहने भएको छ।

# 'बिजुली चमक्क'मा अञ्जलीको हट जवानी

**काठमाडौं (प्रस)–** लोकप्रिय गायिका सुनिता बुढाक्षेत्रीको स्वर रहेको यो बर्षको तिज विशेष गीत 'बिजुली चमक्क' सार्वजनिक गरिएको छ। बरिष्ठ गायक तथा संगीतकार कस्तुप पन्तको शब्द तथा संगीत रहेको गीतमा एचबिएन किस्मतको एरेन्ज छ।

डान्सिङशैलीमा तयार गीत सुरुको समयदेखिनै चर्चामा रहन सफल छ। सार्वजनिक भएको २४ घन्टामा १ लाख ७४ हजार बढी भिउज पाउँदै चर्चामा कमाउन सफल गीत युट्युब ट्रेन्डिङमा समेत परेको छ।

मनु पन्तको प्रस्तुति रहेको गीतमा मोडल अञ्जली अधिकारीले हट नृत्यले भरिएको छ। फिल्मी शैलीमा निकै खर्च गरेर निर्माण गरिएको भिडियोमा थुप्रै कोरसको पनि प्रयोग गरेका छन्।

भिडियो स्मृति तिमिल्सेना 'गुरुआमा'ले निर्देशन गरेकी हुन्। भिडियोमा करण चैसिरको छायांकन र शिव पौडेलको सम्पादन छ। भिडियोको निर्माण उमङ फिल्मले गरेका हुन्।



# 'लोक-संस्कृतिको सामाजिक सद्भावलाई सुदृढ तुल्याउन योगदान'



■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलले लोक-संस्कृति र साहित्यिक जगतले हाम्रो राष्ट्रिय एकता र सामाजिक सद्भावलाई सुदृढ तुल्याउन योगदान दिएको बताएका छन्। धर्मराज-सावित्री थापा प्रतिष्ठानद्वारा आज राष्ट्रपति भवन शितल निवासमा आयोजित जनकविकेशरी धर्मराज थापाको १००औँ जन्मजयन्ती तथा पुरस्कार वितरणका अवजसरमा उनले नेपालको गरिमा अभिवृद्धिमा स्रष्टा र साहित्यकारहरूको योगदान महत्वपूर्ण रहेको विचार व्यक्त गरे।

'लोक कलाकार तथा लोक-संस्कृतिकर्मी राष्ट्रका गहना हुन्, लोक-साहित्यकार, संस्कृतिविद् र कलाकारको चेतना राष्ट्रको चेतना हो, सिर्जनाको उपलब्धि राजनीतिक चेतनाभन्दा माथि उठ्छ', उनले भने।

नेपाल विभिन्न जातजाति, भाषाभाषी, संस्कृति तथा भौगोलिक विविधतायुक्त देश हो भन्दै राष्ट्रपति पौडेलले विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सद्भाव हाम्रो विशेषता हो भने। 'हाम्रो भाषा, संस्कृति, साहित्य, इतिहास र परम्परा हाम्रा अमूल्य निधि हुन्, यसैको विकास, संरक्षण र प्रवर्द्धनसँगै नेपालको राष्ट्रिय एकतालाई अझै सुदृढ र जीवन्त बनाएर नेपालीपनको मौलिक परिचय दिनु आजको आवश्यकता हो भन्ने मलाई लाग्दछ', राष्ट्रपति पौडेलले भने। नेपाली लोकजीवन, मनोभावना र नेपाली माटोको मर्मलाई गीत, संगीत र साहित्यका माध्यमबाट नेपाली वाङ्मयको श्रीवृद्धिमा जनकविकेशरी धर्मराज थापाको विशिष्ट योगदान रहेको उल्लेख गर्दै राष्ट्रपति पौडेलले नेपाली लोकसाहित्यको अध्ययन, अन्वेषण, संरक्षण र प्रवर्द्धनमा उहाँको योगदान नेपाल र नेपालीले कहिल्यै विर्सने छैनन् भने। यस्ता कार्यक्रमले आफ्नो साधनामा समर्पित प्रतिभालाई समाज र राष्ट्रको विकासमा अघि बढ्न प्रेरणा प्रदान गर्ने विश्वास उनले व्यक्त गरे।

त्यस अवसरमा संस्कृति पर्यटन मन्त्री बद्रीप्रसाद पाण्डेले पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री पाण्डेले नेपालको संस्कृति नेपाली समाजको प्राण भएको बताए। उनले धर्मराज थापाका गीतले नेपालको भाषा र लोक संस्कृतिको प्रवर्द्धनका सार्थ नेपाली लोक संस्कृतिलाई विश्वभर पहिचानमा टेवा पुगेको बताए। 'गायक थापाका गीतले राष्ट्रभावका साथ नेपालको त्यो बेलाको कृषिमा आधारित अर्थतन्त्र र नेपाली राष्ट्रवादको व्याख्या गरिएको छ। जसले विश्वभरका नेपालीहरूलाई समेटेको छ', मन्त्री पाण्डेले भने।

उक्त अवसरमा वरिष्ठ साहित्यकार वैरागी काँईलाले गायक थापाले राष्ट्रभावलाई केन्द्रमा लोक गीत र लोक साहित्यको पहिचान र प्रवर्द्धनमा महत्वपुर्ण योगदान गरेको बताए।

संस्कृतिविद् डा. जगमान गुरुङले नेपाली समाज र संस्कृतिमा सामाजिक सद्भाव रहेको भन्दै नेपालको भाषा र संस्कृतिको संरक्षणमा राज्यले विशेष ध्यान दिनुपर्ने खाँचो औँल्याए।

प्रा. डा. प्राध्यापक अभि सुवेदीले लोक साहित्य र संस्कृतिलाई विश्वभर पुऱ्याउन महत्वपुर्ण योगदान रहेको बताए। प्रतिष्ठानका अध्यक्ष मदनराज थापाले नेपाली वाङ्मयको उत्थान प्रवर्द्धनका साथै स्रष्टाको सम्मानमा प्रतिष्ठानले भूमिका खेल्दै आएको बताए।

उक्त अवसरमा राष्ट्रपति पौडेलले रु ५० हजार राशिको धर्मराज सावित्री थापा लोकसंस्कृति साहित्य पुरस्कार २०८० साहित्यकार वैरागी काँइला र धर्मराज सावित्री थापा लोकगीत सङ्गीत पुरस्कार एलपी जोशीलाई प्रदान गरे।

## रंगशाला

**नेपाल-श्रीलंका डेभपमेन्ट क्रिकेट**

# नेपालद्वारा श्रीलंका डेभपमेन्ट २ रनले पराजित



■ प्रभाव संवाददाता

**काठमाडौं–** श्रीलंकामा रहेको नेपाली महिला क्रिकेट टिमले श्रीलंका डेभलपमेन्ट टिमलाई २ रनले पराजित गरेको छ। जारी टी-२० सिरिजको अन्तिम खेलमा नेपालले श्रीलंकाको टिमलाई २ रनले पराजित गरेको हो।

नेपालले दिएको ११३ रनको लक्ष्य पछ्याएको श्रीलंकाले २० ओभरमा ५ विकेट गुमाउदै ११० रन मात्र बनाएपछि नेपाल २ रनले विजयी भएको हो। अन्तिम खेलमा नेपाल विजयी भएपनि सिरिज भने श्रीलंकाको डेभलपमेन्ट टिमले २-१ ले जितेको छ।

नेपाली महिला टिमले अब जुलाई १९ देखि जुलाई २८, २०२४ सम्म श्रीलंकाको डाम्बुलामा हुने महिला एशिया कप खेल्ने छ।

भारत, पाकिस्तान, श्रीलंका र बंगलादेशसहित एसीसीले महिला प्रिमियर कप २०२४ को सेमिफाइनल पुग्ने युएई, मलेसिया, नेपाल र थाइल्याण्डलाई एशिया कप खेल्न दिने निर्णय गरको थियो।

एशिया कपमा नेपाल समुह ए मा रहेको छ। नेपाल भारत, पाकिस्तान र युएईसँगै समुह ए मा रहेको छ भने समुह बी मा बंगलादेश, श्रीलंका, मलेसिया र थाइल्याण्ड रहेका छन्। नेपालले आफ्नो पहिलो खेल एसिया कपको उदघाटनकै दिन जुलाई १९ मा युएईविरुद्ध खेल्ने छ भने दोस्रो खेल जुलाई २१ मा पाकिस्तानविरुद्ध र तेस्रो खेल जुलाई २३ मा भारतविरुद्ध खेल्ने तालिका एसीसीले सार्बजनिक गरेको छ।

**एसिया कप खेल्ने नेपाली टिम:**
इन्दु बर्मा (कप्तान), रुबिना क्षेत्री, सिता राना मगर, कबिता कुँवर, सम्झना खड्का, कबिता जोशी, पुजा महतो, डोली भट्ट, बिन्दु रावल, रोमा थापा, ममता चौधरी, कृतिका मरासिनी, सबनम राई, काजल श्रेष्ठ र राजमती ऐरी।

# रियल म्याड्रिडमा एम्बाप्पेलाई स्वागत

■ एजेन्सी

**काठमाडौं–** फ्रान्सका सुपरस्टार फुटबलर किलीयन एम्बाप्पेले रियल म्याड्रिडसँग औपचारिक सम्झौता गरेका छन्। गत महिनानै एम्बाप्पेलाई भित्र्याउने घोषणा गरेको रियल म्याड्रिडले औपचारिक सम्झौता गरेको हो। यसअघि उनले मंगलबार मेडिकल समेत गरेका थिए। रियल म्याड्रिडले एम्बाप्पेलाई आफ्नो स्टेडियममा फ्यानहरू समक्ष प्रस्तुत गरेको छ।

२५ बर्षिय एम्बाप्पे फ्री- ट्रान्सफरमा रियल म्याड्रिड आएका हुन्। एम्बाप्पेले रियल म्याड्रिडमा पिएसजीमा भन्दा १० मिलियन युरो कम पारिश्रमिक पाउने सम्झौता गरेका छन्।

पिएसजीमा उनले करिब २५ मिलियन युरो बार्षिक पारिश्रमिक थियो भने रियल म्याड्रिडले १५ मिलियन युरो दिने बताइएको छ। यसपछि पनि एम्बाप्पे रियल म्याड्रिडमा सबैभन्दा बढी पारिश्रमिक भएको खेलाडी बन्ने छन्। उनले रियल म्याड्रिडमा ९ नम्बरको जर्सी लगाउने भएका छन्।




मिडिया रिपोर्टका अनुसार रियल म्याड्रिडले एम्बाप्पेलाई फ्रि-ट्रान्सफरमा साइन गरेपनि उनलाई करिब ११० मिलियन डलर साइनिङ रकम दिने बताइएको छ। रियल म्याड्रिडले एम्बाप्पेलाई पछिल्लो सात बर्षदेखी भित्र्याउने प्रयासमा रहेको थियो।

२०१७ मा फ्रेन्च क्लब मोनाकोबाट लोंमा पिएसजी आएका एम्बाप्पे २०१८ देखि पिएसजीको खेलाडी बनेका थिए। अहिलेसम्म पिएसजीका लागि उनले ३०८ खेलमा २५६ गोल गरेका छन्। पिएसजीमा रहदा उनले ६ सिजन फ्रेन्च लिग जितेका छन् भने चार सिजन फ्रेन्च कोपा डे जितेका छन्। त्यस्तै २०१९-२० सिजनमा पीएसजी च्याम्पियन्स लिगको उपविजेता बनेको थियो।

# मच्छिन्द्र र मनाङ मर्स्याङ्दी विजयी

■ प्रभाव संवाददाता

**काठमाडौं–** मच्छिन्द्र फुटबल क्लबले एन्फा यु-१८ युथ लिगमा मछिच्न्द्र फुटबल क्लबले विभागीय टोली त्रिभुवन आर्मीलाई पराजित गरेको छ।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा मंगलबार सम्पन्न दिनको अन्तिम खेलमा मच्छिन्द्रले आर्मीलाई १-० गोलले पराजित गरेको हो। मच्छिन्द्रको जितमा कविर तामाङले निर्णयक गोल गरे। निकै रोमाञ्चक बनेको पहिलो हाफ गोलरहित बराबरीमा सकिएको थियो।

खेलको ७९औं मिनेटमा मच्छिन्द्रको लागि कविर तामाङले गोल गर्दै अग्रता दिलाए। त्यसपछि बाँकी समय थप गोल नहुँदा मच्छिन्द्र विजयी भयो।

योसँगै मच्छिन्द्रले पहिलो खेलमा जित हासिल गर्दै



तीन अंक जोडेर सुखद सरुआत गरेको छ भने आर्मीले पराजयबाट लिगमा सुरुआत गरेको छ।

यस्तै मंगलबार नै सम्पन्न पहिलो खेलमा मनाङले संकटालाई १-० गोलले पराजित गरेको थियो। जारी लिगमा आज दुई खेल सम्पन्न भएसँगै पहिलो चरणको खेल सम्पन्न भएको छ।

**संकटाविरुद्ध मनाङको जित**

मनाङ मर्स्याङ्दी क्लबले एन्फा यु-१८ युथ लिगमा संकटा क्लबलाई पराजित गरेको छ। सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा मंगलबार सम्पन्न खेलमा मनाङले संकटालाई १-० गोलले पराजित गरेको हो।

मनाङको जितमा विशाल चन्दले गरेको गोल नै निर्णायक बन्यो। उनले ३९औं मिनेटमा गोल गरेका थिए। त्यसपछि बाँकी समय थप गोल नहुँदा मनाङले तीन अंक जोड्यो।



भियतनामको हनोईमा भारी वर्षामा साइकल चलाउँदै एक महिला । *तस्बिरः एपी*

# इयू र बेलायतबीच सम्बन्ध पुन:स्थापना गर्ने वार्ता

**ब्रसेल्स (बेल्जियम)-** बेलायतमा नयाँ सरकार गठन भएसँगै ब्रेक्जिटपछि खस्किएको युरोपेली संघ (इयू) र बेलायतबीच सम्बन्ध पुनःस्थापना गर्ने उद्देश्यले दुई पक्षका शीर्ष अधिकारीले सोमबार ब्रसेल्समा पहिलोपटक वार्ता गरेका छन् ।

बेलायतका नवनिर्वाचित प्रधानमन्त्री केइर स्टारमरले युरोपेली संघसँगको वर्षौंदेखि विवादित रहेको सम्बन्धलाई सुधार्ने वाचा गरेका छन् । यसै सन्दर्भमा इयू सम्बन्धका लागि बेलायतका मन्त्री निक थोमस-साइमन्ड्सले इयूका मारोस सेफकोभिकसँग वार्ता गरेका हुन् ।

'हामीले सम्बन्ध पुनःस्थापना गर्ने कुरा गर्दा सुरक्षित र अधिक समृद्ध युरोप सिर्जना गर्न सुरक्षा र आर्थिक सहयोगलाई सुदृढ पार्नेबारेमा छलफल गर्यौं,' थोमस-साइमन्ड्सले समाजिक सञ्जाल एक्समार्फत बताए ।



सेफकोभिकले बैठक रचनात्मक भएको बताए । 'हामी सहकार्यका लागि तत्पर छौं,' उनले भने ।बेलायतका नयाँ प्रधानमन्त्रीले युरोपेली संघसँगको व्यापार द्वन्द्व कम गर्ने वाचा गरेका छन् । तर आफ्नो सरकारले ब्रेक्जिटलाई नउल्ट्याउने र युरोपेली एकल बजारको हिस्सा नबन्ने कुरामा अडिग रहेको जानकारी दिए ।

युरोपियन संघले सम्बन्ध सुधारको उद्देश्यले लन्डनबाट आएको प्रस्तावमा विचार गर्न इच्छुक रहेको बताएको छ । साथै बेलायतलाई संघबाट बाहिर निस्कन कठिन ढंगले भएको वार्ताका सम्झौताहरू पुनः खोल्न इच्छुक नरहेको जनाएको छ ।

प्रधानमन्त्री स्टारमरले बिहीबार बेलायतको ब्लेनहेम प्यालेसमा हुने बैठकमा युरोपभरका नेताहरूलाई आमन्त्रित गरेका छन् । उक्त सम्मेलनले नयाँ प्रधानमन्त्रीलाई युरोपेली संघका समकक्षीहरूसँग आफ्ना विचारहरू प्रस्तुत गर्ने प्रमुख मञ्च प्रदान गर्ने छ । *रासस/एएफपी*

# रूससँगको सम्बन्धलाई उपयोग गर्न भारतलाई अमेरिकाको आग्रह

**वासिङ्टन डिसी-** मस्को र किएभबीच चलिरहेको द्वन्द्वका बीच अमेरिकाले भारतलाई रुससँगको लामो समयदेखि रहेको सम्बन्धलाई उपयोग गर्दै राष्ट्रपति भ्लादिमिर पुटिनलाई युक्रेनमा युद्ध अन्त्यको पहल गर्न आग्रह गरेको छ ।

अमेरिकी विदेश विभागका प्रवक्ता म्याथ्यू मिलरले सोमबार आयोजित पत्रकार सम्मेलनमा दिल्ली-मस्कोको बलियो सम्बन्धलाई उल्लेख गर्नुका साथै पुटिनलाई संयुक्त राष्ट्रको बडापत्रको सम्मान गर्न आग्रह गरे ।

'रुससँग भारतको लामो समयदेखि सम्बन्ध रहेको हामी सबैलाई थाहा छ । हामीले भारतलाई रुससँगको त्यो लामो समयदेखि रहेको सम्बन्धलाई चलिरहेको द्वन्द्व अन्त्य गर्नका लागि उपयोग गर्न आग्रह गर्दछौं । साथै राष्ट्रपति पुटिनलाई युद्धको अन्त्य गर्दै न्यायपूर्ण, स्थायी शान्ति खोज्न आग्रह गर्न भारतलाई प्रोत्साहित गरेका छौं,' मिलरले भने ।

हालै मस्कोको आधिकारिक भ्रमणमा आएका प्रधानमन्त्री नरेन्द्र मोदीले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग भेट गरेका थिए ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँगको वार्ताका क्रममा प्रधानमन्त्री मोदीले भावी पुस्ताका लागि शान्ति 'सबैभन्दा महत्त्वपूर्ण' रहेको बताएका थिए । उनले युद्धको मैदानमा कुनै समाधान नभएको र बम, बन्दुक र गोलीको बीचमा शान्ति वार्ता सफल नहुने बताउँदै द्वन्द्व अन्त्य गर्न पनि आग्रह गरेका थिए । *रासस/एएनआई*

# एक्स प्रयोगको रेकर्ड उच्च रहेको एलन मस्कको दाबी

**वासिङ्टनडीसी (अमेरिका)-** टेक अर्बपति तथा टेस्लाका सिइओ एलोन मस्कले मंगलबार आफ्नो सामाजिक सञ्जाल एक्स प्रयोगमा 'उच्च रेकर्ड' बनेको दावी गरेका छन् ।

एक्सले एकै दिनमा विश्वव्यापीरूपमा ४१७ अर्ब प्रयोगकर्ता-सेकेन्डको कूल अनुभव गरेको मस्कले बताएका छन् । सामाजिक सञ्जाल एक्सको एक पोस्टमा मस्कले एक्स प्रयोगले हिजो विश्वव्यापीरूपमा ४१७ बिलियन प्रयोगकर्ता-सेकेन्डको साथ अर्को उच्च रेकर्ड राखेको उल्लेख गरेका छन् । उनका अनुसार संयुक्त राज्य अमेरिकामा, प्रयोगकर्ता एकै दिनमा ९३ बी ३२ यु सेकेन्ड पुग्यो जुन अघिल्लो रेकर्डभन्दा ७६ बी एकै दिनमा बढी हो ।

मार्चमा, एक्सडेटाले २५० मिलियन मानिसले हरेक दिन औसतमा ३० मिनेटका लागि एक्स प्रयोग गर्ने दाबी गरिएको थियो । पोस्टमा प्रत्येक महिना ५५० मिलियन मानिसले ग्लोबल टाउन स्क्वायर भ्रमण गर्छन् भने औसतमा, प्रयोगकर्ताले एक्समा दिनको ३० मिनेट खर्च गर्ने बताइएको छ ।

अक्टोबर २०२२ मा मस्कले ४४ अर्ब अमेरिकी डलरको सम्झौतामा प्रभावशाली सामाजिक मिडिया प्लेटफर्म-ट्विटरको स्वामित्व लिएका थिए । पछिल्लो समयमा, मस्कले शीर्ष कार्यकारीलाई बर्खास्त गरी कम्पनीका आधा कर्मचारी हटाएर खाता पुनःस्थापनाको समीक्षा गर्न सामग्री मोडरेसन काउन्सिल गठन गरी प्लेटफर्मको सदस्यता सेवालाई सुधार गरेका छन् ।

टेस्ला र स्पेसएक्सका सिइओ मस्कले पदभार सम्हालेपछि कम्पनीमा धेरै परिवर्तन भएका छन्,



जसमध्ये केही विवादास्पदसमेत भएका छन् । विवादास्पद निर्णयसँगै ट्विटरले विज्ञापन राजस्वको ठूलो मात्रा गुमाउन थालेपछि मस्कले ट्विटर ब्लुको रूपमा भुक्तान गरिएको प्रमाणीकरण सुरु गरे ।

मस्कले जुलाई २०२३ मा ट्विटरसँग सम्बन्धित प्रशिद्ध नीलो चरालाई प्रतिस्थापन गर्दै गर्मीमा प्लेटफर्मलाई एक्सको रूपमा पुनःब्राण्डिङ गरे । प्लेटफर्म संलग्नता बढाउन, मस्कले २०२४ मार्च २८ मा दुई हजार ५०० भन्दा बढी प्रमाणित ग्राहक अनुयायी भएको एक्स खातालाई प्रिमियम सुविधाहरूमा निःशुल्क पहुँच प्रदान गर्ने घोषणा गरे । जसबाट पाँच हजारभन्दा बढी प्रयोगकर्ताले सीमित लागतमा प्रिमियम सुविधाको आनन्द लिएका छन् । *रासस/एएनआई*

# अफगानिस्तानमा सडक दुर्घटना, १७ जनाको मृत्यु, ३४ घाइते

**अफगानिस्तान-** अफगानिस्तानमा सडक दुर्घटनामा १७ जनाको मृत्यु हुनुका साथै ३४ जना घाइते भएका छन् । मंगलबार उत्तरी अफगानिस्तानको बाघलान प्रान्तमा यात्रुवाहक बस खोलामा खस्दा सो दुर्घटना भएको पुष्टि प्रान्तीय प्रहरी प्रवक्ता मावलवी शिर अहमद बुरहानीले बताए ।

मंगलबार बिहान खिन्जान जिल्लामा सवारी दुर्घटनामा मृत्यु हुनेमा तीन बालबालिका, दुई महिला तथा १२ जना पुरुष रहेका छन् भने घाइते हुनेमा महिला र बालबालिकासहित ३४ जना छन् जसमध्ये केहीको अवस्था गम्भीर रहेको छ ।

जुलाई-४ मा पश्चिमी हेरात प्रान्तमा भएको यस्तै दुर्घटनामा एक जनाको ज्यान गएको थियो भने अन्य १५ जना घाइते भएका थिए । *रासस/सिन्ह्वा*

# रूवाण्डामा कागामे चौथो कार्यकालका लागि निर्वाचित

**किगाली (रुवाण्डा)-** रुवाण्डाका राष्ट्रपति पल कागामे चौथो कार्यकालका लागि ९९.१५ प्रतिशत मतसहित निर्वाचित भएका छन् । जहाँ दुई प्रतिद्वन्द्वीलाई मात्र चुनाव लड्न अनुमति दिइएको थियो ।

मतदान बन्द भएको सात घण्टापछि निर्वाचन आयोगले जारी गरेको आंशिक नतिजामा कागामेले ९९.१५ प्रतिशत मत प्राप्त गरेको देखाएको छ । जुन सात वर्ष अघिको मतदानमा उनले पाएको ९८.७९ प्रतिशतभन्दा पनि बढी हो ।

डेमोक्रयाटिक ग्रिन पार्टीका उम्मेदवार फ्रान्क हाबिनेजाले ०.५३ प्रतिशत र स्वतन्त्र फिलिप मपाइमानाले ०.३२ प्रतिशत मत प्राप्त गरेका छन् । सत्तारूढ रुवान्डन प्याट्रियोटिक फ्रन्ट (आरपिएफ)को मुख्यालयबाट सम्बोधन गर्दै उनले आफूलाई थप पाँच वर्ष कार्यकाल दिएकोमा रुवान्डाली जनतालाई कागामेले धन्यवाद दिए ।

प्रस्तुत नतिजाले केवल तथ्यांकमा नभई सतप्रतिशत विश्वास भएको बताउँदै उनले सबै मिलेर सबै समस्या समाधान गर्न सक्ने उल्लेख गरे । नब्बे लाखभन्दा बढी रुवान्डालीमा लगभग २० लाखले पहिलोपटक मतदाता



नामावलीमा दर्ता भएको राष्ट्रपति पदको दौड पहिलोपटक विधायिका चुनावको साथ एकै समयमा आयोजना गरिएको थियो ।

कागामेले सन् २००३, २०१० र २०१७ मा ९३ प्रतिशतभन्दा बढी मत प्राप्त गरी चुनाव जितेका थिए । प्रतिबन्धित रुवान्डाको अदालतले प्रमुख विपक्षी बर्नार्ड नटागान्डा र भिक्टोइर इन्गाबायरको अपिललाई अस्वीकार गरेको थियो । जसले उनीहरूलाई सोमबारको मतदानबाट अयोग्य ठहर ग री सजाय हटाउन आग्रह गरेको थियो ।

निर्वाचन आयोगले डायने विर्गारालाई पनि कागजी कार्यको मुद्दालाई उद्धृत गर्दै प्रतिबन्ध लगाई दोस्रोपटक दौडबाट बाहिर राखेको थियो । मतदानअघि, एम्नेस्टी इन्टर नेसनलले रुवान्डाको राजनीतिक विपक्षले 'गम्भीर प्रतिबन्धहरू साथै धम्की, मनमानी नजरबन्द, अभियोजन, हत्या र जबरजस्ती बेपत्ता' भएको जनाएको छ ।

संसदीय चुनावमा ५८९ उम्मेदवार ८० मा सिटका लागि लडेका थिए जसमा ५३ जना विश्वव्यापी मताधिकारद्वारा निर्वाचित भएका थिए । विधानसभामा आरपिएफले ४० र यसका सहयोगीले ११ सिट जितेको थियो भने हाबिनेजाको पार्टीले दुई सिट जितेको थियो । थप २७ वटा स्थान महिला, युवा र अपांगता भएका व्यक्तिका लागि आरक्षित छन् । *रासस/एएफपी*

# मंगोलियामा बाढीपहिरोमा २४ जनाको मृत्यु

**बाटोर (मंगोलिया)-** मंगोलियामा नादम भनेर चिनिने राष्ट्रिय बिदा मनाउने क्रमम आएको बाढी पहिरोमा २४ जनाको ज्यान गएको मंगोलियाको राष्ट्रिय आपत्कालीन व्यवस्थापन एजेन्सी (नेमा) ले मंगलबार जनाएको छ ।

कुस्ती, धनुर्विद्या र घोडा दौडजस्ता परम्परागत खेलहरूका लागि प्रसिद्ध नादम जुलाई ११ देखि जुलाई १५ सम्म वार्षिकरूपमा मनाउने आधिकारिक बिदा हो । पीडितमध्ये २२ जना युवाका साथै दुई जना बालबालिका रहेको एजेन्सीले विज्ञप्तिमार्फत जनाएको छ । आइतबार पश्चिमी प्रान्त बयान-उल्गीको उलानखुस सुमको ग्रिन लेकमा पाँच जनाको डुबेर मृत्यु भएको छ । तीमध्ये एकजना पौडी खेल्ने क्रममा डुबेकालाई बचाउने प्रयासमा मृत्यु भएको थियो ।

मंगोलियाभरका प्रमुख नदीमा पानीको स्तर ४० सेन्टिमिटरसम्म चेतावनी स्तर नाघेको एजेन्सीले जनाएको छ । जनतालाई बाढीपहिरोबाट बच्न आवश्यक सावधानी अपनाउन आग्रह गरिएको छ । *रासस/सिन्ह्वा*

# अफगानिस्तानमा वर्षा र बाढीका कारण ४० जनाको मृत्यु

**काबुल (अफगानिस्तान)-** पूर्वी अफगानिस्तानको नंगरहार प्रान्तमा भारी वर्षा र बाढीका कारण मृत्यु हुनेको संख्या ४० पुग्नुका साथै घाइतेको संख्या ३४७ पुगेको जनस्वास्थ्य मन्त्रालयले मंगलबार जनाएको छ ।

स्वास्थ्य कार्यकर्तालाई घाइतेको उपचारका लागि प्रभावित क्षेत्रमा पठाइएको मन्त्रालयका प्रवक्ता सराफत जमान अमरखिलले बताए । दुर्घटनामा हताहतको संख्या बढ्ने अनुमान गरिएको छ ।

सोमबार दिउँसो अचानक आएको प्राकृतिक प्रकोपले प्रान्तीय राजधानी जलालाबाद, सुख रोड जिल्ला र पाकिस्तानको सिमानामा रहेको प्रान्तका छिमेकी क्षेत्रमा ठुलो मृत्यु र आर्थिक क्षति पुर्‍याएको छ।

त्यसैगरी, सोमबार बिहान पूर्वी



अफगानिस्तानको कुनार प्रान्तको अधिकांश भाग आकस्मिक बाढीले बगाउँदा पाँच जनाको मृत्यु भएको छ । भारी वर्षा र बाढीले मेदेखि युद्धग्रस्त देशमा ४०० भन्दा बढीको ज्यान लिएको छ भने हजारौंलाई घरबारविहीन बनाएको छ । *रासस/सिन्ह्वा*


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोहखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फयाक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १४६७०० | प्रति तोला - १४६००० | प्रति तोला - १८७५ |





अर्थमन्त्री-बैंकर्स संघ भेटवार्ता

# 'विश्वास बोकेर फर्किनूस्, सरकार तपाईंहरूसँगै छ'

■ प्रभाव संवाददाता



**काठमाडौं-** उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले राजनीतिक अस्थिरताका कारण मुलुकको अर्थतन्त्रमा समस्या देखिएकाले स्थिर सरकार बनेसँगै समस्या समाधान हुँदै जाने बताएका छन्। अर्थमन्त्रालयमा नेपाल बैंकर्स संघका पदाधिकारीसँगको भेटमा उनले हरेक क्षेत्रका समस्या समाधानका लागि सरकारले दृढताका साथ काम गर्ने बताएका हुन्।

अर्थमन्त्री पौडेलले स्थिर सरकार बनेकाले अब सम्पूर्ण ध्यान देशमा रहेका समस्या समाधानमा केन्द्रीत हुने भन्दै सोहीअनुसार बजारमा सकारात्मक सन्देश सम्प्रेषण गरिदिन बैंकरहरूसँग आग्रह गरे। 'अर्थतन्त्र बिग्रनुमा विश्वव्यापी परिघटना र केही आन्तरिक कारण होलान् तर राजनीतिक अस्थिरता प्रमुख कारण हो। हाम्रो शासन प्रणालीअनुसार बन्नसक्ने सबैभन्दा स्थिर सरकार यहि हो', उनले भने, 'यो बलियो र टिकाउ सरकार हो, यसले निकास दिन्छ भन्ने सोच राख्नुहोला। तपाईंहरू विश्वास बोकेर फर्किनुस्, सरकारसँगै छ।'

अहिलेको मुख्य चुनौती आममानिस र निजी क्षेत्रमा परेको निराशा चिर्नु रहेको अर्थमन्त्री पौडेलको भनाइ छ। 'अहिलेको चुनौती मनोबल बढाउने नै हो। कसैले पनि व्यवसाय विस्तार गर्नेबारे सोचिरहेको छैनन्। ठूलो लगानी गर्नेभन्दा पनि कसरी चल्ने र साँवाब्याज कसरी तिर्ने भन्नेतर्फ धेरैको सोच छ', उनले भने, 'यस्तो अवस्थामा सरकारले हरेक क्षेत्रको अभिभावकत्व ग्रहण गर्छ। अर्थतन्त्रका विभिन्न क्षेत्रमा देखिएका समस्या समाधानका लागि सँगै प्रयास गर्न र प्रत्येक समस्यामा सँगै बसेर छलफल गर्न तयार छु।' अर्थतन्त्र सुधारका लागि नीतिगत रूपमा गर्नुपर्ने हस्तक्षेपका लागि सरकारले आवश्यक कदम चाल्ने पनि उनले स्पष्ट पारे।

बैंक तथा वित्तीय संस्थाले आगामी आर्थिक वर्षको मौद्रिक नीतिबाट केही सहज व्यवस्था अपेक्षा गरिरहेको अवस्थामा नेपाल राष्ट्र बैंकले सुझबुझपूर्ण तरिकाले मौद्रिक नीति ल्याउने विश्वास पनि अर्थमन्त्री पौडेलको छ। 'राष्ट्र बैंक स्वायत्त संस्था हो, म उसको क्षेत्राधिकारमा हस्तक्षेप गर्न हुँदैन भन्ने विश्वास राख्छु तर राष्ट्र बैंकले तपाईंहरूका जायज माग सम्बोधन गर्नेछ भन्ने नै लाग्छ', उनको भनाइ थियो।

बैंक तथा वित्तीय संस्थाको ऋण नतिर्ने भनेर विभिन्न अभियान चलाइनु गैरकानुनी क्रियाकलाप रहेको स्पष्ट पार्नुहुँदै अर्थमन्त्री पौडेलले बैंकका कर्मचारीको शान्ति सुरक्षाका लागि सरकार प्रतिबद्ध रहेको समेत बताए। बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन (बाफिया) संशोधन गर्ने विधेयक प्रतिनिधिसभाबाट समितिमा दफावार छलफलका लागि गएको र त्यसलाई चाँडै विवादरहित कानुनका रूपमा ल्याइने उनले विश्वास दिलाए।

अर्थमन्त्री पौडेलले निर्माण व्यवसायीले सरकारबाट भुक्तानी पाउन बाँकी रहेको भन्ने विषयमा पनि आफूले अध्ययन गरिरहेको र चाँडै नै आवश्यक निर्णय लिइने बताए। निर्माण व्यवसायीले पाउनुपर्ने भुक्तानीबारे बाहिर एकथरी तथ्याङ्क प्रचार भएको र त्यसको वास्तविक तथ्याङ्क फरक रहेको पनि उनले उल्लेख गरे। बैंक तथा वित्तीय संस्थाबाट कर्जा लगानी हुन नसक्नु र खराब कर्जा बढ्नु चिन्ताको विषय रहेको अर्थमन्त्री पौडेलले धारणा राखे।

अर्थमन्त्रीसँगको भेटका क्रममा नेपाल बैंकर्स संघका अध्यक्ष सुनिल केसीले अहिले बैंकिङ क्षेत्र अप्ठ्यारो परिस्थितिबाट गुज्रिरहेको बताउँदै सरकारबाट समस्या समाधानका लागि उचित पहल हुनेमा आफूहरू आशावादी रहेको बताए। 'बैंकिङ क्षेत्र अप्ठ्यारोमा छ। केहीले सडकबाट ऋण तिर्दिन भन्न थालेका छन्। बैंकको नाफा घटेर करिब आठ प्रतिशत हाराहारीमा खुम्चिएको छ। बाफिया विधेयकमा भएका व्यवस्थाले संस्थागत लगानीकर्ता पनि उत्साहित छैनन्', उनले भने, 'खराब कर्जा बढेको छ। बैंक वित्तीय संस्थासँग करिब रु छ खर्ब बराबर तरलता छ तर लगानी गर्नसक्ने अवस्था छैन। बैंकको मनोबल निकै घटेको छ।' बैंकहरूले महँगो ब्याजदरमा निक्षेप उठाएर सस्तोदरमा राष्ट्र बैंकमा थुपार्नुपर्ने अवस्था रहेको उनले बताए।

निर्माण व्यवसायीले सरकारबाट पाउनुपर्ने रकम भुक्तानी भएको अवस्थामा र विभिन्न क्षेत्रका दिइएको अनुदानको रकम सरकारले भुक्तानी गरेमा बैंकिङ क्षेत्रलाई सहज हुने उनले बताए।

आव २०८०/८१ समीक्षा

# आय ७४ र व्यय ८० प्रतिशत

■ प्रभाव संवाददाता

**काठमाडौं-** गत आर्थिक वर्ष २०८०/८१ मा सरकारको आय व्यय निर्धारित वार्षिक लक्ष्यको तुलनामा निकै कम देखिएको छ। महालेखा नियन्त्रक कार्यालयका अनुसार गत आर्थिक वर्ष कूल लक्ष्यको ७४ दशमलव २९ प्रतिशत राजस्व असुली भएको छ भने ८० दशमलव ४४ प्रतिशत बजेट खर्च भएको छ।

गत आर्थिक वर्षका लागि सरकारले कूल रु १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख बराबरको बजेट ल्याएको थियो। असार मसान्तसम्ममा कूल रु १४ खर्ब आठ अर्ब ७६ करोड ४५ लाख बराबर मात्रै खर्च भएको छ। चालु शीर्षकमा गत आर्थिक वर्षका लागि रु ११ खर्ब ४१ अर्ब ७८ लाख ४१ हजार बराबर बजेट विनियोजन भएकोमा लक्ष्यको ८३ दशमलव ४१ प्रतिशत अर्थात् रु नौ खर्ब ५२ अर्ब ४१ करोड ५१ लाख बराबर खर्च भएको छ।

त्यस्तै, पुँजीगत शीर्षकमा रु तीन खर्ब दुई अर्ब सात करोड ४४ लाख विनियोजन भएकोमा लक्ष्यको ६३ दशमलव ४७ प्रतिशत अर्थात् रु एक खर्ब ९१ अर्ब ७१ करोड ७८ लाख बराबर मात्रै खर्च भएको छ। वित्तीय व्यवस्था शीर्षकको बजेट खर्च ८६ दशमलव ०७ प्रतिशत छ। गत आर्थिक वर्षका लागि वित्तीय व्यवस्था शीर्षकमा रु तीन खर्ब सात अर्ब ४५ करोड ३६ लाख बराबर विनियोजन भएकोमा रु दुई खर्ब ६४ अर्ब ६३ करोड १६ लाख बराबर खर्च भएको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ।

सरकारले गत आर्थिक वर्षका लागि कूल रु १४ खर्ब ७२ अर्ब ४८ करोड ४७ लाख बराबर राजस्व उठाउने लक्ष्य राखेको थियो। तर वार्षिक लक्ष्यको ७४ दशमलव २९ प्रतिशत अर्थात् रु १० खर्ब ९३ अर्ब ९७ करोड ५९ लाख बराबर मात्रै राजस्व असुली भएको छ। सङ्कलित राजस्वमध्ये कर राजस्व लक्ष्यको ७२ दशमलव ३५ र गैरकर राजस्व लक्ष्यको ९७ दशमलव ६८ प्रतिशत बराबर असुली भएको छ।

गत आर्थिक वर्षका लागि सरकारले रु १३ खर्ब पाँच अर्ब ४७ करोड ९६ लाख बराबर कर राजस्व उठाउने लक्ष्य राखेकोमा रु नौ खर्ब ४४ अर्ब ५५ लाख ४८ हजार बराबर मात्रै असुली भएको छ। त्यस्तै, गैरकरतर्फ रु एक खर्ब १७ अर्ब छ करोड २१ लाख उठाउने लक्ष्य राखिएकोमा रु एक खर्ब १४ अर्ब ३४ करोड १६ लाख बराबर मात्रै असुली भएको छ।

गत आर्थिक वर्षमा वैदेशिक अनुदानतर्फ सरकारी लक्ष्यको तुलनामा वास्तविक प्राप्ति निकै कम छ। गत आवमा कूल रु ४९ अर्ब ९४ करोड ३० लाख बराबर वैदेशिक अनुदान लिने लक्ष्य राखेको सरकारले २२ दशमलव ४८ प्रतिशत अर्थात् रु ११ अर्ब २२ करोड ६४ लाख बराबर मात्रै अनुदान लिन सकेको देखिएको हो।


## विज्ञापन दर/रेट सम्बन्धी सूचना !

**प्रभाव** राष्ट्रिय दैनिकमा आर्थिक वर्ष २०८१/०८२ मा प्रकाशन हुने विज्ञापनको दररेट २०८१ साउन १ देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ।

**ज्याकेट विज्ञापन रू. १५,००,०००/-**

### विज्ञापन दर/रेट

| पृष्ठ | रंगीन | श्यामश्वेत |
|---|---|---|
| प्रथम पृष्ठ | रु.२४००/- | रु.२२००/- |
| भित्री पृष्ठ | रु.१६००/- | रु.१४००/- |
| अन्तिम पृष्ठ | रु.२०००/- | रु.१८००/- |

### वर्गीकृत डिस्प्ले

| विवरण | रंगीन | श्यामश्वेत |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रु.३,०००/- | रु.१५००/- |
| प्रतिशब्द | रु.३०/- | रु.२५/- |

*नोट : उपरोक्त दररेटमा नेपाल सरकारको कर समावेश गरिएको छैन।*

**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-७, काठमाडौं
फोन नं.०१-४३७३५७७, ४५८४३६८
E-mail : marketing2prabhab@gmail.com
website: www.prabhabonline.com


## कर्पोरेट

### गरिमाले ल्यायो अन्तर्राष्ट्रिय क्युआर पेमेन्ट सुविधा



**काठमाडौं (प्रस)-** गरिमा विकास बैंक लिमिटेडले अन्तर्राष्ट्रिय क्यूआर पेमेन्ट सुविधाको सुरूवात गरेको छ। यस विकास बैंकले फोन-पेसँगको सहकार्यमा नेपाल आएका भारतीय पर्यटक/ग्राहकलाई लक्षित गरी क्यूआर मर्चेन्ट मार्फत भुक्तानी सेवा प्रदान गर्न अन्तरदेशीय क्यूआर पेमेन्ट प्रणालीको मंगलबारदेखि लागू हुने गरी शुभारम्भ गरेको हो।

यस सेवा अन्तर्गत, भारतीय ग्राहकहरूले भिम र फोनपेलगायतका भारतीय भुक्तानी सेवा प्रदायकहरूबाट गरिमा विकास बैंकको क्यूआर कोड स्क्यान गरी नेपालका विभिन्न व्यापारिक स्थलहरूमा सुरक्षित र सुविधाजनक रूपमा रकम भुक्तानी गर्न सक्नेछन्। विकास बैंकले यो सेवा छिटो, छरितो र भरपर्दो रूपमा उपलब्ध गराउन आफ्ना व्यवसायिक ग्राहकसँग सहकार्य गरेको हो। यस प्रकारका सेवाहरूले नेपाल र भारतबीचको आर्थिक तथा पारस्परिक सम्बन्धलाई अझ सुदृढ बनाउँदै नेपालको आर्थिक र पर्यटन क्षेत्रको विकासमा समेत महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा विकास बैंकले राखेको छ।

काठमाडौंको लाजिम्पाटमा केन्द्रीय कार्यालय रहेको गरिमा विकास बैंक लिमिटेडले काठमाण्डौं उपत्यकाभित्र २२ सहित देशभर १२३ शाखा कार्यालय, १ एक्सटेन्सन काउण्टर र ५१ वटा एटीएम एवं विभिन्न डिजिटल बैकिङ माध्यम बाट सरल, सुरक्षित एवं गुणस्तरीय वित्तीय सेवा प्रदान गर्दै आईरहेको छ।

### सिद्धार्थ बैंक र आरुष लाइफस्टाइल हस्पिटलबीच सम्झौता

**काठमाडौं (प्रस)-** सिद्धार्थ बैंक र आरुष लाइफस्टाइल हस्पिटल प्रा. लि. बीच बैंकका ग्राहकलाई विभिन्न सेवामा छुट प्रदान गर्ने सम्बन्धी सम्झौता भएको छ।

सम्झौता अनुसार बैंकका ग्राहकहरूले आरुष लाइफस्टाइल हस्पिटल प्रा. लि. अन्तर्गत देशभर रहेका शाखाहरूमा बैंकको कार्ड तथा मोबाईल बैंकिङ्ग सेवाबाट भुक्तानी गर्दा २५ प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नुहुनेछ। यस सम्झौता पत्रमा बैंकका ट्रान्ज्याक्शन बैंकिङ्ग तथा इन्टरनेस्नल बिजनेस प्रमुख जीत बहादुर अधिकारी र आरुष लाइफस्टाइल हस्पिटल्स प्रा. लि. का प्रमुख कार्यकारी अधिकृत डा. सन्तोष शाक्यले हस्ताक्षर गरेका थिए।




बैंकका ग्राहकहरूले आरुष लाइफस्टाइल हस्पिटलको कुपन्डोल हाइट, ठिमी चारदोबाटो (शंखघर चोक), टुसाल बौद्धनाथ मार्ग, न्यूरोड पोखरा, बरगाछी विराटनगर स्थित शाखा कार्यालयहरूबाट पनि उपलब्ध हुने सेवाहरूमा उल्लेखित छुट पाउन सकिनेछ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन पा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः:arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ